


भजन - भारती

भजन – भारती

भजन संग्रह

श्री डा. डिल्लीरमण रेग्मीज्यूमा
सादर भेट ।

भारती खरेल
२०१९

लेखिका – श्रीमती भारती खरेल

मूल्य रु. १५/-

*** भजन–भारती**

(भजन संग्रह)

प्रथम संस्करण:– १००० प्रति, २०४६

★ प्रकाशक:– दीपक खरेल

★ मुद्रक:– प्रतिबोध प्रिन्टिङ्ग प्रेस
नयाँ बानेश्वर, काठमाडौं
फोन नं. – २–२४२०९

"BHAJAN BHARATI"

A COLLECTIONS OF HYMENS BY

BHARATI KHAREL.

भक्ति पुष्पाञ्जलि

साहित्यको सर्वाधिक उच्च अभिव्यक्ति कविता हो भने गीत त्यसको परमसत्य पनि हो । साधक गीतमा जति कोमल र तरल बन्छ ऊ त्यत्तिकै खुला र निष्कपट पनि हुनसक्छ । त्यसमा पनि भक्ति गीतको महिमा त अझै अर्को छ । मानव मनले सोझै ईश्वरसंग तादाम्य गर्न सक्ने साधनाहरूमध्ये ज्ञान, कर्म र योगको कठोर साधनाहरू भन्दा भिन्नै सहज, सुगम र सरल ईश्वर प्राप्तिको साधन भक्ति भएबाट यसका लागि भक्ति गीतहरूको महत्व करतो छ- त्यो यहाँ भनिरहनु पर्दैन । राग गाएर पानी पार्ने, राग गाएर बत्ती बाल्ने र राग गाएर अन्य अनेक अलौकिक कर्महरू गर्नसक्ने संङ्गीतको आफ्नै महिमा छ । त्यही सङ्गीतको बोल भक्ति गीत-हरू दिएर भक्तिमति कवयित्री श्रीमती भारती खरेलले नेपाली कविता साहित्यका लागि लगाएको गुण प्रशंसनीय छ ।

श्रीमती भारती खरेलका कहिले कहीं रेडियो नेपालबाट आएका केही भक्ति गीतहरू सुनेको भएतापनि उहाँका यति धेरै भक्ति रचनाहरू होलान् भन्ने मलाई लागेको थिएन । आज कवयित्री खरेलको प्रकाशोन्मुख प्रस्तुत संग्रहको प्रति हेर्न पाउँदा साधिकाको भक्ति-भण्डार देखेर म गद्गद् भएको छु । वर्णमात्रिक र मात्रा छन्दका विविध रूपशैलीमा लेखिएका यी स्तुतिपद्य र भजन गीतहरूका परिष्कृतिमा आंशिक लघुता र छन्द निर्वाहमा केही असावधानी रहेतापनि भाव प्रवाहमा कुनै अवरोध नरहेको अनुभव हुन्छ । वर्तमान ब्याकरण प्रयोगका दृष्टिले केही पुरानो लाग्ने संरचना कौशललाई लिएर पनि सहज कथ्य कथनका लागि प्रस्तुत भजन गीतहरू राम्रा छन् । हिन्दुधर्म दर्शनका ब्यापक दृष्टिभित्रकै पञ्चदेव (पाञ्चायनः गणेश,सूर्य,देवी,शिव र बिष्णु)का विविध बृत्तभित्र अडेपनि यी रचनाहरूले ईश्वरीय सत्ताका निर्गुण र सगुण दुवै पक्षलाई स्वीकारेका छन् । निर्गुण प्रतिको आस्था

ब्यक्त गर्दा ईश्वर, बिश्वेश्वर, बिश्वात्मा, प्रभु, भगवान्, निराकार निरञ्जन आदि परमसत्ताको र सगुण रूपमा गणेश, सूर्य, शक्ति, शिव र विष्णुका विविध अंश र कार्यप्रति गहन आस्था जनाईएको छ । शक्तिरूपा देवीका दुर्गा, गौरी, मातृ (आमा) शान्ति, कालरात्रि, ईश्वरी, गुह्येश्वरी, मनकामना, शाकम्भरी, लक्ष्मी, सरस्वती, ब्रम्हायणी आदि विविध रूप र बिष्णुका राम, कृष्ण, सत्य नारायण आदि रूपको वर्णन गर्नुका साथै शिव रूपमा शिव, पशुपति, हनुमान आदिका साथै पुञ्ज रूपमा सीता राम, राधे-श्याम आदि अनेक सगुण उपासनाको भावाञ्जलि भन्दा यो संग्रहप्रति अन्याय भएको मानिन्न ।

श्रीमती भारती खरेलका ईश्वर ब्यापक छन् । शवरीका राम, चैतन्य र मीराका कृष्ण राम कृष्ण परम ईसकी अम्बा र भगवती जस्ता अंश रूपमा मात्र नभई विश्व कवि रबिन्द्रका परमसत्ता ईश्वरसम्म पुग्ने दृष्टि उनमा पनि रहेको छ । ईश्वरीय सत्ता

प्रति आस्था भाव जगाउने र अज्ञानादि कुवृत्तिहरू हटाई सत्वृत्तिको चाहना राख्ने उनका रचनाहरूमा पूर्ण समर्पणको भावना छ। ईश्वरीय आत्म दर्शनको साधिका श्रीमती खरेलका भजन गीत-हरूले अन्य अनेक प्रभाव क्षेत्रहरूलाई अंगालेका भए पनि मौलिक अभिव्यक्तिका क्षेत्रमा समेत प्रखर हुँदै आएको सत्यलाई पनि यहाँ स्वीकार नगरी रहन सकिन्न।

अन्तमाः श्रीमती भारती खरेलको भक्तिभावलाई अझै बढाउने आशीर्वाद परमात्मा बाट सँधै प्राप्तहुँदै रहोस्। कवयित्रीबाट आउने भक्ति साहित्यको उत्तरोत्तर प्रगति हुँदै रहोस् भन्दै उनको प्रस्तुत समर्पण भावलाइ अगाडि राखेर आजलाई म यत्तिकै बिश्राम लिन चाहन्छु।

"तिमीलाई मैले के चढाऊं ।
धरती अम्बर तिम्रै हो ॥
भाव भक्तिको पुष्प रहेछ ।
मनले चढाउने खालि" ॥

अस्तु

दैवज्ञराज न्यौपाने
(सह प्राध्यापक)
नेपाली केन्द्रीय शिक्षण बिभाग
त्रि० वि० वि० कीर्तिपुर

२०४६।४।३१

मेरो ईश्वरलाई–

प्रभुका पाउमा समर्पण गर्न लागेकी छु – १०८ थुंगा भजनका फूलहरू । सर्वशक्तिमान, निराकार, अजेय, अपरिमेय भगवानलाई यी मेरा आँसुका, श्रद्धा र भक्तिका बिश्वास र आस्थाका सप्तरङ्गी भजन – गीतहरूले खुशी पार्न सक्छुकि सक्तिन– मलाई थाहाछैन । विश्वमा नाम धेरै भएपनि, जात-जाति र वर्ण धेरै भएपनि ईश्वर एकै छन् र ती प्रत्येक मान्छेभित्र निवास गर्छन् भन्ने मेरो धारणा छ । सानैदेखि ईश्वर भक्ति भावमा म लीन भएँ, शून्य र नीलो आकाशमा मैले ईश्वर देखें, बग्ने नदीको पानीमा भगवानको गति पाएँ र जो फूलमा रङ्ग चढ्छ, त्यसमा मैले ईश्वरको साक्षात रूपको दर्शन गरें । ती अजर छन्, अमर छन्, महान छन् र बिश्वब्यापी छन् । तर तिनलाई मैले आफ्नो

हृदयका वीणाहरूमा तारले झंकृत पार्ने प्रयत्न गरें। आँखाका पानीहरूमा प्रतिबिम्वित हुने कोशिश गरें र आफूभित्र मैले ईश्वर जन्माएँ।

उदाउँदो र अस्ताउँदो सूर्यका प्रथम र अन्तिम किरणहरू-संग मैले आफ्नो उमेरलाई साटें, मनका उद्वेग उच्छवास् र व्यथाहरूलाई तिनै परमपूज्य जगत पितामा पूर्णरूपले सर्मापत गरें। तिनलाई कहिले मैले राम, कहिले हरि, कहिले कृष्ण, कहिले गोबिन्दका रूपमा पाएँ र म तिनमा समाधिस्थ हुन चाहें।

तिनै ईश्वरमा मेरा भक्तिका, भावका, आशा, निराशाका, मेरा सद्प्रेमका यी स्वरहरूलाई यहाँहरूले पनि साथ दिनु हुनेछ भन्ने बिश्वास लिदै बिदा लिन्छु।

श्रीमती भारती खरेल

भजन—भारती

प्रभुस्तुति

हेनाथ! लौ विन्ति म गर्छु आई ।
लेउ शरणलौ प्रभुजी मलाई ।।
वसेर गर्भै बिच बिन्ति गर्थे ।
सधै म जप्छु प्रभुनाम भन्थें ।।

आएर संसार प्रभु नाम भूलें ।
बालक युवा बृद्ध भएर डुलें ।।
दुख्यो प्रभु मन तीनरूप देखि ।
शरण् परें लौन प्रभु म दुःखी ।।

भए नजानी कति पाप म बाट ।
संझेर तो कर्म दुख्यो ललाट ॥
परी शरणमा प्रभु विन्ति गर्छु ।
देउ सहारा शरणै म पर्छु ॥

जति भए भूल मबाट नाथ ।
पाँउ क्षमा जोड्दछु युक्त हात ॥
यी पापदेखि प्रभुलौ बचाउ ।
लेउ शरणमा प्रभु झट्ट आउ ॥

हे नाथ ¡ खटायौ किनलौ मलाई ।
दिएर आफ्नै रूप रंङ्ग हाई ॥
॥ हे नाथ! आई तिमीनै बताउ ।
गर्ने कसो लौन प्रभु सिकाउ ॥

पोलिरहेछ यसलाई त्राहि ।
हज्जार अग्नि सरिभै मलाई ॥
आई यहिक्षण प्रभुलौ बचाई ।
तिम्रो कृपा दर्शन देउ मलाई ॥

नमो प्रभु लौन विवेक ज्ञान ।
अन्धो भएँ नाथ समाई तान ॥
हे, नाथ! आउ अतिबेर नलाउ ।
अधम छ मूर्ख भनी ज्ञान देउ ॥

भज्छु म नित्यै हरि वासुदेव ।
अर्पण सबै श्वाश म गर्छु शेष ॥
हे नाथ लौ खोलिदेउ यी मेरा ।
सब वन्ध ज्ञान, चक्षु भाव पुरा ॥

औं देख्न, बुझ्न सबसक्ने होउँ ।
आत्मा चिनी मर्म बुझेर रोउँ ।।
आउंदा हर्ष किन हुन्छ यहाँ ।
फिर्दा किन कष्ट जानुछ जहाँ ।।

लौः संझी त्राहि प्रभु आजभो मन् ।
उठी खरानी भयो पुष्पको बन् ।।
औधि यो व्याधि पिरोल्छन मलाई ।
छिया छिया हुनगयो आत्मा जलाई ।।

जनम जनमकी महुँ दासी तिम्रो ।
अकाट्य जुगान्त संम्वन्ध हाम्रो ।।
जता फर्यो यो मोहनै किन ।
भक्ति पाँउ रोईरहेछ यो मन् ।।

प्रभु सुदृष्टिले सारा तर्दछन् ।
स्नेह नपाए जीवात मर्दछन् ॥
बाँचेकाछौं तिम्रोनै भरोसा महाँ ।
ध्रुव, प्रल्हाद, मीरा पुऱ्यायौ कहाँ ? ॥

भए पाप पुन्य मबाट के कति ? ।
हरे लौन साथ छुट्यो परम गती ॥
जाली जगतको परें जालभित्र ।
शत्रु पिरोल्छन् मलाई विचित्र ॥

व्यर्थै यीशत्रु मलाई पिरोल्छन् ।
मीठो रसिलो नामै भुलाउँछन् ॥
न केही छ मेरो न मैछु न मेरो ।
यो तन् मन् प्रभु सबैहो तेरो ॥

भुसुना किराझैं बनी डुल्छु आज ।
न देख्छु. न सुन्छु प्रभु राख लाज ।।
योहो लौन मेरो मलाई म भन्छु ।
न कसैले रोएको हाँसेको म सुन्छु ।।

यही संझी संझी कति रूनु मैले ।
खुलेन यी आँखा प्रभु लौन कैले ।
गएका बितेका सबै वर्ष हेरी ।
कति रोउँ कराउ · तिनैलाई फेरि ।।

हरे ! लौ खुलाई देउ चित्तभित्र ।
तिमीनै प्रभुहौ मेरो एक मित्र ।।
यसलाई रच्ने, चाल्ने तिमीहौ ।
यसभित्र पाएँ तिमीनै तिमीछौ ।।

कहाँ जाउँ नाथ अनाथ बनेर ।
तिमीनै बताउ तँ मैहुँ भनेर ।।
हरे लौन देउ प्रभु एक ईशारा ।
तिमीनै त हौ नाथ मेरो सहारा ।।

अशान्त भो चित्त प्रभु लौन धेर ।
अब शान्ति देऊ नलाऊ अबेर ।।
मानव जो जतिसब आए यहाँ ।
एक्लै फगत् यस धरती महाँ ।।

तेरो मेरो सब पागलपन हो ।
हरिनै अनमोल मेरो धन हो ।।
एकपल क्षणको जगतप्रति ।
पलमै मोहभो अब के गति ।।

वालक बनी केही क्षण बितायौं ।
युवक बनी मस्त भई निदायौं ॥
वृद्धै भयौं लौन कताहो जाने ।
सन्चित छैन केही गरेर खाने ॥

यमपुरीमा यनले सोध्लान् ।
कति गर्‍यौ उत्तम कर्म भन्लान् ॥
त्यो प्रश्नको उत्तर के दिनु मैले ।
अन्धो बनि दिन बिताएँ पैले ॥

पर्ने भयो हाः यम दण्ड भोग्नु ।
छु त्राहि आज कसलाई भन्नु ॥
ज्ञानिछैन लौन विवेक विचित्र ।
ज्योति जगाऊ प्रभु अंध्यारोभित्र ॥

आउँदा थियो देह साथ सबैको ।
जाँदा किन प्राण एक्लै गएको ॥
यी मोह मेरो बन्धन फुकाई ।
शरण देऊ नाथ हामीलाई ॥

यसभित्र अैले प्रभु बसाउँ ।
ईच्छा आकाँक्षा सबनै हटाउँ ॥
यिनै प्राणीमात्रका सहारा नाउँ ।
संधै संधै चरण अब समाऊ ॥

शोक भय चिन्ता प्रभुनै हटाई ।
निर्भय ज्योति जगाउँछन् आई ॥
दुःखित बनी प्रभु रूँदै अैले ।
प्रभुलाई हरपल टक्रयाएँ मैले ॥

सुरमुनि यी अजामिल गणिका ।
वास्तव सन्तान सवनै प्रभुका ॥
जतिछन् सव दुष्कर्महरू ।
ज्ञानले पखाली अब फालुं बरू ॥

यही क्षणभित्र ज्ञान जगाऊ ।
हर पल प्रभुनै राज गराउँ ॥
झन्यो मकन नैन बनेर गंङ्गा ।
सभक्ति मनलाई बनाई चंङ्गा ॥

स्वप्नविच झस्के सरि गर्दै जागौं ।
अचेत छाडि प्रभु भज्दै भागौं ॥
शरण परेका जन दुःखीलाई ।
प्रभु दिन्छन् जग पार लगाई ॥

आखिर हौं सब तिम्रै सन्तति ।
तिमीनै देऊ सब सद्मति ॥
प्रभु अर्जि सुनाई निर बहाई ।
बसीरहौं हरि किर्तन गाई ॥

शरण लेउ प्रभु आऊ डोऱ्याउ ।
शान्ति सरिता हृदय बनाऊ ॥
जगतरूपी यस रङ्ग मञ्चमा ।
पात्र खटायौ यहाँ नाटकमा ॥

मान अपमान सुखदुःख भोग्दा ।
मानस पटलमा स्मृतिलिई छाम्दा ।
अङ्ग अङ्ग सब शिथिल भयो ।
पल पल हरि बिना व्यर्थ गयो ॥

प्रभुले दिएको कन्चन रूप ।
हेर्दै भयो प्रभु आज कुरूप ॥
परदेश समान आगन लाग्यो ।
अब अस्थि पञ्जर बाँकी भयो ॥

झरेको बिऊझिएँ लौन प्रभु अब ।
खुल्यो सुषुप्त चेत मलाई जब ॥
लौन रहेछ हाः पलमात्र बाँकी ।
गर्ने कसो लौन बताउ डाकी ॥

को छ समर्थ प्रभु बाहेक यहाँ ।
कसलाई भनी आफ्नो म जाउँ कहाँ ॥
लगाऊ किनारा प्रभु टेकें माथ ।
चरण - रज बनाउ प्रभु प्रेमसाथ ॥

असहायका नाथ सहाय हौ ।
तिम्रै चरणको धूली बनाउ लौ ॥
जब हुन्छ असैह्य जीवलाई ।
प्रभुनै सब दिन्छ पार लगाई ॥

जन - संकट सारा आई बचायौ ।
झलमल पारी प्रभु हरायौ ॥
धन दियौ प्रभुले मान दियौ ।
सबमा अनमोल सन्तान दियौ ॥

यहाँ दियौ प्रभु ज जति आज ।
तिम्रै सब हो तिमी राख लाज ॥
शरण लेउ कृत कृत्य गराई ॥
रम्न सकौं प्रभु पाउ समाई ॥

छैन ज्ञान यस मूढ मतिमा ।
सोच्न सकौं म ज्ञान विवेकमा ।।
मैलो जर, जर स्थुल शरीर ।
आउँ कसोरी भो नाथ लिएर ।।

आऊ उघार अब भित्री यी आँखा ।
बुझन सकुं प्रभु सूक्ष्म ती भाषा ।।
उज्वल पार मन – मन्दिर यो ।
राज छ प्रभुकै प्रभु मन्दिर यो ।।

यो मन सिंहासनमा प्रभु राखी ।
हर पल गाउँ किर्तन हाँसी ।।
यस जीवनको तन धन प्राण ।
गर्न सकौं सब प्रभुमै अर्पण ।।

तिमीनै ग्रह, गण, रवि शशी हौ ।
व्यापक कण, सब मालिक हौ ।।
तिमीमा गरौं म समर्पण के ?
प्रभु बाहेक जो, म खोजी ल्याउँ के ?

सभक्ति शिर कर झुक्तछ खालि ।
छुटाउ बन्धन प्रभु बनमाली ।।
मनले हर पल नाम जपौं ।
तनले भक्ति समर्पण गरौं ।।

पागलपन यस जगको त्यागी ।
सद्मति पाँउ भै अनुरागी ।।
गर्दै अर्चना लौ अश्रु बहाउँ ।
प्रभु अविशेष लौ यही चढाउँ ।।

मन्दको स्तुति यो होश चढेको ।
पवित्र भक्ति सरिता बहेको ।।

न स्वर्गको चाह छ न मोक्ष को नै ।
म नित्यनै डुबुं प्रभु भक्तिमा नै ।।

卐

१ – प्रभुको लिला म गाउँछु

प्रभुको लिला म गाउँछु ।
हेप्रभु ! तिम्रो लिला म गाउँछु ।।

हृदय - कमलमा बसाई प्रभुलाई ।
मनका भाव सुनाउँछु ।।
दुबै नयनका कलश भरेर ।
युगल पाउ पखाल्छु ।।

योमाया महलको सारा दुःख ।
प्रभुकै चरण बिसाउँछु ।।
मनको सच्चा मित बनाई ।
प्रभुकै चरण समाउँछु ।।
प्रभुको लिला म गाउँछु ।
हे प्रभु ! तिम्रो लिला म गाउँछु ।।

२ – कनैया तिमी नै जीवन नैयाँ

कनैयाँ तिमीनै जीवन नैयाँ ।
रन बन बंसी बजैया ॥
हे प्यारो कनैयाँ !

गोकुल मथुरा बृन्दाबनमा ।
हरिको प्रेम कहानी ॥
मयुर पंखको मुकुट लगाई ।
सबमा ज्ञान फिंजाई ॥

मन मन्दिरको सिंहासनमा
रूप सजाउँ म हरिको ॥
जय जय राधे जय जय कृष्ण ।
आरती गाउँ म प्रभुको ॥

३ - हरे लौन आएँ कहाँबाट आज

हरे लौन प्राएँ कहाँबाट आज ।
म संझन्न केही प्रभु राख लाज ॥
म फर्केर जाँदैछु बाटो छ कस्तो ।
कहाँ बास बस्नेछु ठाउँछ कस्तो? ॥

जता फर्कि हेर्छु उतै मोह जालो ।
म अैले धरा - धामनै देख्छु कालो ॥
प्रभु लौन साँचो प्रतिज्ञा भुलेछु ।
भएछु म अन्धो जगतमै भुलेछु ॥

म पापी छु अज्ञानी साह्रै छु मूर्ख ।
बित्यो जिन्दगी लौ बिते धेर बर्ष ॥
हरे संझी संझी कतिरुनु मैले ।
खुलेनन् यी आँखा प्रभु लौन कैले ॥

म जाली जगत्को छु यै जालभित्र ।
यही शत्रु आई बिथोल्छन् बिचित्र ॥
प्रभु ज्ञान ज्योति जगाउ म भित्र ।
सहारा तिमीछ्यौ हे नाथ मित्र ॥

हरे लौन आंए कहाँबाट आज ।
म सम्झन्न केही प्रभु राख लाज ॥

४ – यशोदा तिम्रो चित्त चोर

यशोदा तिम्रो चित्त चोर ।
यशोदा नन्द किशोर ॥
हे प्यारो चित्त चोर ।

गोपिनीहरूसंङ्ग वृन्दावनमा ।
तिमीले रास रसायौ ॥
जमुना नुहाई रहेकोबेला ।
लाजले पाठ पढायौ ॥

कदम्बका रूखमा बाँसुरी बजाउँदै ।
सबको मन लुटायौ ॥
मधुरो रसिलो बंशी सुनाई ।
साह्रै मोहनी लगायौ ॥

सारथी बन्द अर्जुनलाई ।
जीवन - पथ जो देखायौ ॥
ज्ञानको ज्योति सब प्राणीमा ।
तिमीले नै हो जलायौ ॥

यशोदा तिम्रो चित्त - चोर ।
यशोदा नन्द किशोर ॥
हे प्यारो चित्त चोर ।

卐

५ – कहाँ छ के छ कसरी म ल्याउँ ?

कहाँछ केछ कसरी म ल्याउँ ? ।
हरिलाई आज खुशी गराउँ ? ॥

अम्बर मेदिनी फूल जल हेर्छु ।
सबमा तिम्रै चमत्कार देख्छु ॥
सबै हौ तिमीनै तिमीलाई के दिउँ ? ।
मेरो भन्ने कुन चीजछ चढाउँ ? ॥

दानबीर बन्दै दुई हात उठाउँ ।
तिमीबाट झिकी तिमीलाई म के दिउँ ? ॥
म भन्नेनै देखिन ममा मैले ।
मेरो भनी कुन चीज छ चढाउँ ?

६ – जो जत्ति मानव यहाँ खटायौ

जो जत्ति मानव यहाँ खटायौ ।
आई प्रभुलाई बिर्सी दियो ॥

यो देखि प्रभुनै जिल्ल पर्‍यो ।

आउँदा रत्ति केही थिएन हातमा ।
फगत नाङ्गै एक्लै आयो ॥
यहाँ आई तेरो मेरो गर्‍यो ।

यो देखि ... ... ॥

क्षण क्षण ईर्ष्या लोभ बढेर ।
सबनै आत्मा ढाकीदियो ।।
प्रभु तिम्रै महिमा भुलि दियो ।

यो देखि ... ... ।

कमजोर हड्डी शिथिल शरीरको ।
बोक्दै लालसा स्मृति र क्रोधको ।।
मानव आत्मा स्वार्थी भयो ।

यो देखि प्रभु जिल्ल पर्‍यो ।

७ – हरिनै भाव हरिनै भक्ति

हरिनै भाव हरिनै भक्ति ।
हरिनै आत्मेश्वर ईश्वर हो ॥
सुख । दुःखमा साथ न छाड्ने ।
हरिनै सच्चा बन्धु पनि हो ॥

हरिनै पूजा हरिनै शरजाम ।
हरिनै संगीत हरिनै सरगम ॥
सुखमा दुःखमा साथ नछाड्ने ।
हरिनै च्चा वन्धु पनि हो ॥

हरिनै पुष्प हरिनै अर्घ ।
हरिनै आह्वान हरिनै अर्पण ॥
हरिनै अन्तिम साथी सबको ।
हरिनै आत्मेश्वर ईश्वर ॥

८ – मङ्गल गौरी गणेश

मङ्गल गौरी गणेश !
प्रथम पूजा हुन्छ निरन्तर ।
मुहुर्त, कार्य शुभ काज ॥

मंङ्गल स्वरूप उमा, शिव पुत्र ।
बिघ्न हटाउ सबछन् त्राश ॥
एक दन्त जग मंङ्गलकारी ।
सिद्धि विनायक प्रभुकै आश ॥

मूसा वाहन गज मङ्गल स्वरूप ।
जग सागरवीच देखि मास ।
त्रस्त भई शरण परेको ॥
जीव - नौका नपार निराशा ॥

उमा महेश सुत मङ्गल मूर्ति ।
कृपा गरी अब पूर्ण गर आश ॥

९– हें लम्वोदर मङ्गल मूर्ति

हे लम्वोदर मङ्गल मूर्ति !
चारै वेद ब्रह्मा भजी नित्य ।
लम्वोदर गर्छन् अर्चना स्तुति ।।
समुन्द्र ज्वारभाटा समान् ।
अस्थिर चन्चल मनछ मति ।।

स्थिर गंभीर ज्ञान जगाउ ।
मङ्गल मूर्ति दाहिना होउ ।।
जगतरूपी भयको प्रपन्च ज्वाला ।
दिन प्रतिदिन वढी जलाथो अति ।

अष्टसिद्धि प्रभु मङ्गल मूर्ति ।
जल.उ मनमा जगमग ज्योति ।।
ऐश्वर्य भरिदेउ पुण्यमति ।
शरण पाउँ प्रभु पुकारें अति ।।

हे लम्वोदर मङ्गल मूर्ति !

१०- मङ्गल गर गुरू गणपति दाता

मङ्गल गर गुरू गणपति दाता ।
दाहिना होउ नवदुर्गा माता ।।
हरिहर ब्रह्मा आशिषदेउ ।
ईष्टदेव वन्धु मित्र वन ।।
वंश, कुल रक्षागर कुलकी माता ।
तेत्तिस कोटी देवी - देवता ।
सकल वरूण मङ्गल गर ।।
लक्ष्मी, काली, शारदे माता!
पाप पुण्यको साथी वनेर ।
धर्म ,प्राण सन्चार गर ।।
गौरी, शंकर पुत्र विधाता ।
मङ्गल गर गुरू गणपति दाता ।
दाहिना होउ नव दुर्गा माता ।।

११- हे सूर्य प्रणाम छ

हे सूर्य प्रणाम छ ।
बार बार प्रणाम छ ।।

विष्णु रवि हौ, रूद्र रवि हौ ।
रविनै सृष्टि, लयपालक हौ ।।
तिमीनै ब्रह्म नारायण हौ ।
भाष्कर शक्ति अपार हौ ।।

यो विचित्रता सब तिम्रै रूप हुन् ।
जन्म, जरा, अनि मृत्यु जतिछन् ।।
जीव छन् शक्तिविहिन अतिदुःखी ।
श्री सूर्य शक्ति अपार छ ।।

भाष्कर, करूणा करदाता हौ ।
अन्न, जल, प्राण वायु दिने ।।
हामीछौं क्रोधी स्वार्थी अभिमानी ।
श्री भानु शक्ति अपार छ ।।

१२– स्वीकार गर भाष्कर स्वीकार गर

स्वीकार गर भाष्कर स्वीकार गर ।
मेरो आराधना अर्चना स्वीकार गर ॥
उषाकालीन कोमल स्पर्शमा ।
पाउछौं दर्शन साक्षात् नारायण ॥
तिम्रो पूजा नियम शुद्धता ।
केही जान्दैनौं विधि-विधान नर ॥
प्रथम देव भाष्कर प्रभुनै ।
एक जन-जीवन आधार छौ ॥
हामी अज्ञानी अति मूर्ख जनमा ।
छैन कुनै प्रभु शास्त्रीय आधार ॥
श्री सूर्येश्वर भाष्कर प्रभु !
योगेश्वर, आत्मेश्वर भन्ने पुकार ॥
स्वीकार गर भाष्कर स्वीकार गर ।

१३- जय जय पवन पुत्र हनुमान

जय जय पवन पुत्र हनुमान !
राम प्रिय कार्य गरेर तिमीले ।
संकट मोचन बनायौ तन ॥

भूत, प्रेत, डंकिनी, दुष्ग्रह ।
हुन्छन दुर स्मरण गरे हनुमान ॥
सीता राम, धन मान कमाई ।
अमर भक्त बनायौ तन ॥

बल, बुद्धि, बिवेकी रामका प्रेमी ।
रत्तिछैन भेद राम हनुमान ॥
गधाधारी वल पौरखमा ।
शंकर समान हनुमान ॥

जो, जन गर्दछ हनुमान ध्यान ।
शोक, भय पारी पुर्गे भनी जान ॥

१४ – बोल आरती श्री हरिहरकी जय

बोल आरती श्री हरिहरकी जय ।

मथुरामा अवतार भए ।
गोकुल ग्वाला गोपाल गए ॥

गोप गोपिनी जय जय गाए ।
राधा रूक्मिणी हरिमै रमाए ॥

अधर मधुर मुस्कान लिए ।
सजीव सङ्गीत वंशी बजाए ॥

आरती प्रभु आरती गाए ।
प्रभुकै चरण तन मन लगाए ॥
बोल आरती श्री हरिहरकी जय ।

१५ – जय जय राधा - रमण हरिको

जय जय राधा रमण हरिको ।
सवदिन गाउँ आरती हरिको ॥

धूप दीप सव प्रेमले जलाउँ ।
भक्ति सुगन्धित बास चलाउ ॥
चमर पङ्खा नदी पवन लिई ।
बारम्बार डोलाउं पदमा हरिको ॥

जय जय ... ... ।
सवदिन ... . ॥

कन्दमुल, फलफूल, पक्वान चढाई ।
हृदय कमल मालती जाई ।
नाना पुष्प मनमै रचाई ।
वारंम्बार चढाउँ पदमा हरिको ॥

जय जय ... ... ।
सर्वदिन ... ... ॥

शंख घण्टको धून जगाउँ ।
हृदय वीणा झन्काई सुनाउँ ॥
नयन वहाँउ हरिहरि गाउँ ।
पल पल नाम कमाउँ हरिको ॥

जय जय राधा रमण हरिको ।
सर्वदिन गाउँ आरती हरिको ॥

卐

१६ -- ॐ जय जय भज सब पशुपति

ॐ जय जय भज सब पशुपति ।
जो छन् सृष्टिपति उनै सबका मति ॥
एकनै देव छन् पिनाक प्राणी ।
सबका शिवनै भाग्यमति ॥
सभक्ति भजन भज्दै मन्दिर ।
पुग्छन् लाखौं नर, नारी कति ? ॥
प्रभुपद चुम्दै निकट बस्छिन् ।
कल कल निर्मल बागमती ॥
आशुतोषको स्वरूप संझेर ।
आएँ दर्शन गर्न जति ॥
बाँडीदेउ हे ! कृपालु ।
तिमीनै सबमा पुण्य गति ॥

१७ -- ॐ नम शिवाय

ॐ नम शिवाय !

प्रशन्न बदन ।

आशुतोष कृपालु ॥

स्फटिक सौम्य ।

मुण्डमाला शुसोभितम् ॥

ॐ नम शिवाय ।

डम, डम डमरू ।

त्रिशुल त्रिनेत्र ॥

महाँकाल मिलकण्ठ ।

दयालु त्रिरूपम् ॥

ॐ नम शिवाय ।

असंभव, बरदायकम् ।
नागहार शोभितम् ।।
काननम्, कुण्डलम् ।
व्याघ्र चर्म शोभितम् ।।
ॐ नम शिवाय ।

काल, रूद्र महाँकाल ।
प्रलय करम् ।।
आदि अन्त्य भक्तनाथ ।
बिश्वभरम् ।।
ॐ नम शिवाय ।

१८ -- जय जय लक्ष्मीपति

ॐ जय जय लक्ष्मीपति ।
सकल जन दुःख शोक हटाई ।
सब देउ ज्ञान, धर्म मति ।।

संकट भञ्जन नारायण ज्ञानी ।
शरण पर्‍यौ प्रभु सब अज्ञानी ।।
निर्मल ज्ञान, भक्ति प्रभुदेऊ ।
नारायण सबका हौं पुण्य गति ।

सन्तति, संपति स्वधर्मपन ।
तिमी मायागर जन- जीवकन ।।
हे नारायण पिता जननी सरी ।
तिमीनै देऊ सब सद्‌मति ।।

हृदय भरिछ बन्धन कति ।
प्रभुनै लेऊ अब चाहे जति ।।

१९ - श्री सत्यनारायण जग स्वामी

श्री सत्य नारायण जग स्वामी ।
भय, सङ्कट, तापमा डुबिरहेका ।
हामी भयौं मूर्ख अति पापी ।।
प्रभु महान् ज्ञानी अति उपकारी ।
अब चरण, शरण देऊ जग नौकाथामी ।।

जग बिपद सहेका छौं सब हामी ।
शोक दुःख हरि अभय देऊ ।।
कृपा गरी सब पार लगाऊ ।
नारायण करूणा पाउँ हामी ।।

स्मरण नगरी नारायण नाम ।
स्वार्थी बनी सब गर्छौं काम ।।
ज्ञान चक्षुयी अधम ऊद्धार ।
नारायण चरण रज पाऊ हामी ।।

२० – श्री सत्यनारायण लक्ष्मीपति

ॐ श्री सत्य नारायण लक्ष्मीपति ।
मणि, माणिक जडित स्वर्ग सुवर्ण सिंहाशन ।।
बिराजिएका लक्ष्मीपति ।

नारायण अति दाता कृपालु ।
मधु दुष्ट अति पापी ईर्ष्यालु ।।
तिम्रो महिमा अर्चना स्तुति ।
कहां सक्छ गर्नयो मन्द - मति ।।

नारायण महिमा अपार भारी ।
मूर्खबन्यौ अति सबसंसारी ।।
तिमीछौ समर्थ जन ऊपकारी ।
प्रभुदेऊ अब सब पुण्य गति ।।

सदा प्रसन्न श्री लक्ष्मीपति ।
तिमीनै सबका भाग्यपति ।।

२१ – बोल आरती

बोल आरती ।
श्री नारायणको नाम ... ... ।।
नारायणको अवतार भयो ।
आई मथुराधाम ।।
बोल आरती !
श्री नारायणको नाम ... ... ।।
जननी बिभु धन्य बनिन् ।
पाई चरण स्पर्श महान ।।
धेनु चराउँदै, वंशी बजाऊंदै ।
बृन्दा वनमा घुम्दछन श्याम ।।
बोल आरती ।
श्री नारायणको नाम ... ... ।।

राधा रुक्मिणी चमर डोलाउँछन् ।
मुग्ध बनी सखी पुष्प चढाउँछन् ॥
रवि ,शशी धूपदीप जलाउँछन् ।
नारद गाऊंछन् ,आरती श्याम ॥

बोल आरती ।
श्री नारायणको नाम ... ... ॥

देव, देवाङ्ग जय जय गाऊंछन् ।
बंशी बजाउँछन श्याम् ।
बोंल आरती ।
श्री नारायणको नाम ॥

२२ – श्री रमापद रमुं आरती गाई

श्री रमापद रमुं आरती गाई ।
धूप, दीप सुगन्ध कपुर जलाई ॥
शंख, घण्ट, मृदङ्ग धून बजाई ।
आरती गरौं सब ध्यान लगाई ॥
श्री रमापद ... ... ॥

नाची, गाई चमर डोलाई ।
प्रेम पुष्प पक्वान्न चढाई ॥
जननी पुकारौं चरण समाई ।
श्री रमापद ... ... ॥

लक्ष्मी, रमा, रूक्मिणी गाई ।
जन, धन, सुखकी अधिष्टात्रीलाई ॥
आरती गाऊं छे अति रमाई ।
श्री रमापद ... ... ॥

२३ – अति बलियो रच्यौ आमा

अति बलियो रच्यौ आमा ।
यो जगत मोहको जालो ।।

जता युगल चरण दुई ।
अव पर्क्रौं भनी खोज्छौ ।।
उतैगै मोह जञ्जिरमा ।
किन फस्छु भन आमा ।।

न तोडेर यो तोडिन्छ ।
न नाघेर यो नाघिन्छ ।।
सदा सत्य तिमी बिर्सी ।
असत्य यो किन आमा ।।

म हुँ मेरो मलाई शव्द ।
लपेटा अग्नि - ज्वालाका ।।
जान्दा जान्दै किन पऱ्यौ ।
त्यही सूक्ष्म ज्ञान देऊ आमा ।।

२४ – ॐ बं बं

ॐ वं वं शिव शंकर शंभो !

बाघ चर्म डमरू गला मुण्डमाला ।
निल कण्ठ, नागहार ।
लोकनाथ शंभो ।।

ॐ वं वं ... ... !

पशुपति बद्री केदार मेला ।
तिर्थ जमघट पथ्थर भेला ।।
गर दिव्य दर्शन आत्माको ।

ॐ वं वं ... ... !

जटा मुकुटमा गङ्गा र चन्द्र ।
डम डम डमरु त्रिशूल त्रिनेत्र ।।
गणछन् अद्भूत बिभूति घसेका ।

ॐ वं वं ... ... ।

२५ – बोल बम ! बोल बम!!

बोल बम ! बोल बम ।
बाबा भण्डारी बोल बम ॥
जग बिपदा जग जीवन सारा ।
नजपे सम्न कहाँ किनारा ॥
शाही भजेनै मिल्दछ दम ।
भक्त रहुन् जहाँ जङ्गल गुफा ।
धाई शाही शरण परे ॥
हुन्छन् शाही त्यहीं हरदम ।
शंभु दयालु अतिनै कृपालु ।
मन बान्छित बरदाता ॥
हुन्छन् शाही त्यहीं हरदम ।
शिव शिव भज्दै सबले गाउँ ।
सफल नर यो चोला बनाउँ ॥
शाही भजेनै मिल्दछ दम ।

२६ – देवाधि देव महादेव उनै हुन्

देवाधि देव महादेव उनैहुन् !

रवि शशी अंम्बर मेदिनी जीवन ।
संम्पूर्ण शिवमै निर्भर छन् ॥
हर्ष बिस्मातमा पँरू शिवकै शरण ।
सब पूर्ण गराउने शिवनै हुन् ॥

अपमान हुँदा शंकट पर्दा ।
आर्त्ति झस्की शिवनै पुकार्छन् ॥
नाथ अनाथछु शरण परेको ।
भन्दै क्रन्दन सुनाऊछन् ॥

आशुतोष पनि क्रन्दन सुनेर ।
आई संकट दूर गराउँछन् ॥
कष्ट छुटी सब पार भएजव ।
उनै दयालु भूलिदिन्छन् ॥

२७ – शिवकै बनौं एक पुजारी

शिवकै बनौं एक पुजारी !

पवन मन्द पुष्प सुगन्ध ।
नाम मन्दिर शीतल छहारी ।।
यसमै डुबूं हे त्रिपुरारी ।

शिवकै ... ... !

समिप बसी नदी गङ्गा - सागर ।
पल पल महेश ध्यानगरु ।।
ब्रहमा जसको गर्दछन् स्तुति ।

शिवकै ... ... !

रवि शशी धूप दीप जलाई ।
बस्तछन् नारद आरती गाई ।।
तिमीमै रमोस् मन हे त्रिपुरारी !

शिवकै ... ... !

२८ -- जप तप ध्यान गर शिवको

जप तप ध्यानगर शिवको ।
आखिर केही छैन कसैको ।।

आत्मिय बान्धव बन्धु उनैहुन ।
हित अहित सोच्ने मित्र उनैहुन् ।।
आखिर केही छैन कसैको ।

शिव मायाले ढाकी दिनाले ।
आफ्नै आफना देख्छौं ब्यर्थ ।।
आखिर केही छैन कसैको ।

सुखी दुःखी अन्त्य सबैको ।
शिवनै एक सहारा हुन् ।।
आखिर केही छैन कसैको ।

शिवले पिंजरा जब छाडने छन् ।
गरी घृणा जन सब त्याग्ने छन् ।।
आखिर छैन केही कसैको ।

२६ -- जय जय देवी दुर्गे भवानी

जय जय देवी दुर्गे भवानी ।
जय जय माता काली ।।

शिर कर नयन जोडी मन्दिर ।
आईरहेछु खाली ।।

जय जय ... ... ।

सारा जगतकी तिमी माताहौ ।
माताहौ तिमी मेरी ।।
सारा सृष्टि तिम्रै रहेछ ।
प्राणीहरूकी माली ।।

जय जय ... ... ।

तिमीलाई मैले के चढाउँ ।
धरती अम्बर तिम्रै हो ।।
भाव - भक्तिको पुष्प रहेछ ।
मनले चढाऊने खालि ।।
जय जय ... ... !

आएकोछु मन्दिर तिम्रो ।
ज्ञानको ज्योति जलाऊ ।।
बसिरहेछु द्वारमा तिम्रो ।
भरिदेऊ आँचल खाली ।
जय जय देवी दुर्गे भवानी ।
जय जय माता काली ।।

३० -- शान्ति तिमी कहाँ छचौं ?

शान्ति तिमी कहाँछचौ ?
दु:खी क्रन्दन पुकार आज ।
सुनिदेऊ जहाँ छचौ ।।

दु:खीछ आत्मा सारै आज ।
ऊदास छन मेरा आँखाहरू ।।
दर्शन पाउने लिई अभिलाषा ।
खोजिरहेछन् कहाँ छचौ ? ।।

जमघट मन्दिर मेला घुम्दा ।
खोज्दै आएँ दर्शन तिमीदेऊ ।।
तिमीनै जन मन मुख्य अङ्गहौ ।
त्राहि भयो सब आऊ कहाँ छचौ ।।

शान्ति तिमी कहाँ छचौ ?
दु:खी क्रन्दन पुकार आज ।

३१ -- जय शिद्धिदात्री हे कालरात्रि

जय सिद्धिदात्री हे कालरात्रि ।
जय शैलपुत्री हे गौरी ।।
द्वारमा आई शरण परेर ।
वसिरहेछु बन्दना गरी ।।

हेब्रम्हचारिणी शिर झुकाएँ ।
भव भय पारी पुऱ्याऊ भनी ।।
हे चन्द्रघण्टे चरण समाएँ ।
मन, वचन, वाणी कर्म गरी ।।

हे कुष्माण्डे महिमा गाएँ ।
बिपत्ति हरभनी अर्जि सुनाएँ ।।
हे स्कन्दमाता शरण परेँछ्रव ।
दर्शन देऊ कृपा गरी ।।

हे कात्यायनी अश्रु वहाएँ ।
दुबै नयन कलसभरि ।।

३२ -- चाहिँदैन मातेश्वरी त्यो चीज मलाई

चाहिँदैन मातेश्वरी त्यो चीज मलाई ।
जहाँछैन मन्दिर देख्तिन तिमीलाई ।।

रत्तिछैन जग सुख भोग आस ।
मान उपाधि प्रतिष्ठा खास ।।
ऐश्वर्य सुख भोगले पनि ।
नसकोस् जित्न यसलाई ।।

विश्व सुवर्ण सिंहाशन जस्ता ।
कहाँछ के वैभव सस्ता ।।
स्वर्ग सुख भोगले पनि ।
नसकोस् जित्न यसलाई ।।

तिमीनै उन्नति मान प्रतिष्ठा ।
तिमी बिना सबछन् समान फिःटा ।।
त्रिलोक मणिः माणिकले पनि ।
नसकोस् जित्न यसलाई ।।

३२ -- महालक्ष्मी नमोनमः

भूतेश्वरी नित्या सत्या ।
सकल मङ्गलकारिणी ।।
सर्वदुःख हरेदेवी ।
महालक्ष्मी नमोनमः ।

लक्ष्मी श्री कमला बिद्या ।
सर्वशक्ति महेश्वरी ।।
सर्व शोक हरेदेवी ।
महालक्ष्मी नमो नमः ।।

शंख चक्र गदाधारी ।
बिराट सूक्ष्म सुन्दरी ।।
सर्वपाप हरेदेवी ।
महालक्ष्मी नमो नमः ।।

मुक्ति भुक्ति प्रदायिनी ।
परब्रम्ह स्वरूपिणी ।।

३४ – हें बिष्णुप्रिया कमल नयनी

हे, विष्णुप्रिया ! कमल नयनी ।
देव, नर, मुनि वरदायनी ।।
चण्ड, मुण्ड, असुर विनासिनी ।

आदि अन्त्य छैन जसको ।
लक्ष्मी, काली, सरस्वती ।।
शुम्भ, निशुम्भ बिनासीनी ।

वेद, देव चराचर आत्मा ।
प्रलय रूद्र भयंकरी ।।
भू-लिला सुख प्रदायिनी ।

रूक्मिणी श्वर्व वेदवती ।
माता बिष्णुप्रिया सती ।।
श्री लक्ष्मी सागर नन्दिनी ।

हे ! विष्णु प्रिया नयनी !

३५ – मनकामना ! मनकामना !!

मनकामना मनकामना ।
मातादुर्गे मनकामना ।।

भक्त भाव मनको बुझेर ।
संम्पूर्ण गराऊ कामना ।।
त्राहि बनी कोही मन्दिर आए ।
शरण भनी करमाथ झुकाए ।।

पुछेर आंशु शरण तिमी देऊ ।
बुझेर भक्त मन भावना ।।
संसार रचायौ नाट्य मन्चको ।
पात्र बनायौ यसै भित्रको ।।

जन- जीव पर्‍यौं यसै तापमा ।
क्षमता दिलाउ गर्ने सामना ।।
भाव भावना भक्ति बुझेर ।
सकल मङ्गल देउ भावना ।।

३६ – मन्दिर मन्दिर जांदै माता

मन्दिर. मन्दिर जाँदैमाता ।
शिर, कर नयन सदा झुकाएँ ।।

हे मनकामना ! भवभय हारिणी ।
भन्दै नयन नीर बहाएँ ।।
वेली, चमेली करबिर चाँप ।।
श्रद्धा भक्तिको गर्दै जाप ।।

अञ्जुली भरपर पाऊमा चढाँए ।
दर्शनदिई सरजाम पठायौं ।।
मनकामना सब पूर्ण गरायौ ।
विउंझी मैले पुकार लगाएँ ।।

त्यहिंनै अदृश्यभै कतागयौ ।
अधुरै रहयो मेरो कामना ।।
बिचलित मनभैं नयन झुकाएँ ।
शिरकर नयन सदा झुकाएँ ।।

३७ -- हे गुह्येश्वरी माता !

हे गुह्येश्वरी माता ! हे गुह्येश्वरी माता ! ।
तिमीनै नेपाल जननी दाता ॥

प्रथम सृष्टि नेपाल रचायौ ।
पहिलो बिहानी यहीनै उदायौ ॥

यहाँ मानवताको पाठ सिकाऊ ।
सवमा सद्भाव विवेक पढाऊ ॥

तिम्रो दया करूणाले नै यहाँ ।
शठमूर्ख कबि, कवि शठ मूर्ख ॥

विभिन्न नाम पिठमा रहेकी ।
नेपाल बल पौरष धनि ॥

हे गुह्येश्वरी माता .... ।
तिमीनै नेपाल जननी दाता ॥

३८ -- हे सरस्वती माता !

है सरस्वती माता ... ... !

तिम्रो स्मरणले मात्र यहाँ ।
बन्दछ मानव विवेकी दाता ।।
तिमी विष्णु प्रिया जननी सती ।
सृष्टि पालक व्यापिनी ।।

अन्न, जल, प्राण वायु बनेकी ।
विद्या बुद्धिकी दाता ।।
तिमीनैहौ जग सुख सौभाग्य ।
तिमीनै ऐश्वर्य बरदायनी ।।

तिमीनै ॐ कार शब्द जननी ।
तिमीनै वेद स्वरूप माता ।।
तिमी ब्रम्हा पुत्री विष्णुप्रिया ।
देव, असुर, नर सबकी माता ।।

३६ -- हे गुह्येश्वरी दयागर !

हे देवी गुह्येश्वरी दयागर ।
अब दयागर, अब दया गर ॥
अबला सबला सब प्राणीभर ।
हे देवी गुह्येश्वरी दयागर ॥

तिमीनै पूजा तिमीनै सरजाम ।
तिमीनै देवता एक विश्वभर ॥
जल पवन नदी उग्र ज्वालामुखी ।
देख्छु सबछन् तिमीमै निर्भर ॥

तिम्रो रहेछ यो माया महलको ।
सारा विश्व ती लक्ष्मी गुफाभर ॥
हे देवी गुह्येश्वरी दयागर ।
अब दयागर अब दयागर ॥

४० – जयहो जयहो साकाम्बरी माता

जयहो. जयहो साकम्बरी माता !
तिमीनै जनजीव भाग्य विधाता ।।

कलि कलुषितबाट जोगाउन ।
करलि साग मुली ग्राउँछ्यौ दाता ।।
कुन हिसावले वनायौ तिमीले ।
संम्पूर्ण तकदिरको खाता ।।

जल पवन शशी रविकी माता ।
गुफा, मन्दिर मदिनी ग्रंवर ।।
कहाँ छैनौ तिमी ब्रह्माण्डभरि ।
यो ग्राराधना स्वीकार माता ।।

जलचर थलचर नभचर प्राणी ।
सवछन् तिमीमा जग ग्राधारी ।।
सवको ग्रर्चना स्वीकार दाता ।
जयहो जयहो साकाम्वरी माता ।।

४१ – त्राहिमाम त्राहिमाम त्राहिमाम

त्राहिमाम त्राहिमाम त्राहिमाम !
हे जगतव्यापिनी ब्रम्ह स्वरूपिणी ।
तिम्रै लिला गुनगुनाउंछु ।
हरदम तिम्रै जप्छु म नाम ।।

आधा अन्त्य कहींछैन जसको ।
सनातन ब्रम्ह वेद स्वरूपा ।।
जग सन्तति तिम्रा शरणछौं अहिले ।
कलीको कलुषित देखेर काम ।।

स्वधर्म कर्मनै तिम्रोहो नाम ।
त्योसब भुलाऊने कलिको काम ।।
जाने समिप देखि डरायो मन ।
कुन कर्मले सहज पुऱ्याऊंछ धाम ।।

त्राहिमाम त्राहिमाम त्राहिमाम !

४२ – हे मुकुन्द प्रिया कमल नयनी

हे ! मुकुन्द प्रिया कमलनयनी ।
सनातन एकै ब्रम्ह स्वरूपिणी ।।

कोटी कोटी नामछ काम ।
कोटी कोटी रूप लिला ।।
शिर पाउ जसको अम्बर मेदिनी ।
बिराट गाथ स्वरूपिणी ।।

कैले अति बृष्टि बाढी ।
कैले पहिरो प्रलय बगाई ।।
कैले कोपली कंप गराउंछ्यौ ।
वन्दै सव ध्वस्तकारिणी ।

तिमीहौ मेदिनी क्षमाकी जननी ।
धरा बिभु शान्त स्वरूपिणी ।।
धिर गम्भीर करूणामयी माता ।
तिमीनै जन-जीव समस्त धारिणी माता ।।

४३ – मीराका तिमी कृष्ण कनैया

मीराका तिमी कृष्ण कनैयाँ ।
राधाका प्रियतम !

मीरा भेट्छिन् महल कुटीमा ।
आफ्नै प्यारो कनैया ।।

राधा बस्छिन् पल पलसंगमा ।
हरि नियाली हरदम ।।

मीरा भेट्छिन मन्दिर बनमा ।
आफ्नो प्यारो कनैयाँ ।।

राधा हेर्छिन् हरि चरित्र ।
रही संगमा हरदम ।।

मीरा राख्छिन् नयन पलकमा ।
आफ्नै प्यारो कनैयाँ ।।

राधा देख्छिन् प्रभु हृदयमा ।
आफ्नै छवि हरदम ।।

४४ – राम नामको महिमा भारी

राम नामको महिमा भारी ।
रामनाम भज सब नरनारी ।।

रामनाम धन सम्पति जोर ।
सबले मन भण्डार भरी ।।

रामनामको महिमा भारी ।
रामनाम भज सब नरनारी ।।

रामनै सुखहो रामनै शान्ति ।
रामनै पु-याउँछन् भवभय पारी ।।

रामनाम सबको जीवन रसहो ।
राम बिना यो हुन्छ अतिभारी ।।

राम बिना जो जतिछन् प्राणी ।
भव भय कष्ट जीवन अति भारी ।।

राम नामको महिमा भारी ।
राम नाम भज सब नरनारी ।।

४५ – रघुपति राघव राजाराम

रघुपति राघव राजाराम ।
पतित पावन सीताराम ।।
मानव दानव बन्न नपाउन् ।
भन्ने सिकाउ कर्म अनि काम ।।

मिथ्या भाषण अधर्मि कर्म ।
जानी बुझी सब गर्न तयार छन् ।।
यसले ढाकी अन्धकारमय ।
चाँडै हुनेभो धरती धाम ।।

त्रिलोक प्रभुकै विराट रूप ।
लिला देखायौ तिमीले खुब ।।
त्राहि भयो सब धार्मिक काम ।
धर्म धरामा मेटियो नाम ।।

तेरो मेरो त्यागी देखुन् ।
नारी पुत्री माता समान ।।
जपे रामको मूलमन्त्र यो ।
जगतै हुनेछ बैकुण्ठ धाम ।।

रघुपति राघव राजाराम ।
पतित पावन सीताराम ।।

४६ – श्री राम जय जय राम जय जय राम

श्री राम जयराम जय जय राम ।
कौशल्या नन्दन रघुबिर राम ।।

राम नामको अमर कहानी ।
त्रिलोकी सबमा अंकित ।।
रवि शशी हेर्छन् धरती धाम ।
श्री राम जय राम जय जय राम ।।

काक भुसुण्डि संग क्रीडाखेल्दै ।
भ्रमित गराउछन् रामको नाम ।।
बाल मनोहर लिला देखाई ।
चन्द्रमा माग्दै रून्छन राम ।।

मेघ कलेवर शान्त स्वरूप ।
राम हिंडे बनबन मुनिसंग खुप ।।
मिथिला नगरी शिवधनु तोडी ।
नाम रहयो पछि सीता - राम ।।

४७ – हे राम ! प्रभु राम !!

हे प्रभु ! राम जय जय राम ।
हर घडी जप्छु म तिम्रै नाम ॥

मैलो भएको देहछ मेरो ।
आउँ कसरी ? तिम्रो धाम ॥
तिमीबिना छैन जसको क्यै काम ।
बिर्सी कसरी बिताएँ याम ॥

कर्म गरी गरी पार हउन् भनी ।
प्रभुले रचायो वेद बिधान ॥
सत्य कर्मगरी धर्म जान्न भनी ।
जीव पठायौ धरती धाम ।

नक्कली काया झूट्टा माया ।
पाई अभिमान व्यर्थ गऱ्यौ ॥
बिषको प्याला ओठमा ल्याई ।
बिर्स्यौं प्रभुको अमृत नाम ॥

४८ – राम भज वा श्याम भज

राम भज वा श्याम भज ।
तर भिन्न गराऊ नामको राज ॥

सव संजिवनी जीवन रसायो ।
तन त्राण कर्मले नाम नाम नभुल ॥
मनतन कार्य यसमै लगाऊ ।
भजीनाम गर दैनिक काम ॥

जनहित सोची सव कर्म गर ।
दुष्कर्म जति नामले पखाल ॥
उपयोगी कर्मको मर्मबुझी ।
रच तर्नेपुल भजी नाम आज ॥

छु शक्ति सम्पन्न सुन्दर भनी ।
मनमा अहम् शत्रु नपाल ॥
सत् संगत कर्म मन अर्पीगर ।
भजन मात्रले बन्दछ काज ॥

४९ – सीताराम जय जय राम !

सीताराम जय जय राम ।
तिमीनै मेरो हे प्रिय राम ।।

हाड मासुको झूट्टाकाया ।
नासो क्षणिकछ यो केकाम ।।
उपयोगी छ रामको नाम ।

अहम लोभ औ क्रोध अङ्गाल्दै ।
अनमोल नर तन व्यर्थ गुमाएँ ।।
कसरी गाउँ म रामको नाम ।

राम मेरो धनहो रामनै काम ।
अमर अच्युत रामको नाम ।।
अब त्यही रट्लछु अरूछैन काम ।

अनमोल रत्न रामको नाम ।
जो गर्दैन मुख्य पहिचान ।।
त्यस्तो पशुको यहाँकेकाम ? ।

५० – राम राम हे राम !

राम राम हे राम !
राम नामको महिमा जानी ।
तुलसी रहन्छन् कथा बखानी ।।
सत्य बचन प्रभुको कर्म अनि काम ।
पिता बचन सत्य गराई ।
चौधबर्ष बनबासी बने ।।
लक्ष्मण सीता राम ।
मारिच खर दूषण मारी ।
सूपर्णखाको नाक कटाए ।।
भक्त जटायु शबरी अहल्या ।
उपर दयागरी राखे नाम ।।
वाली वधगरी सेतु रचाए ।
हनुमान पठाई लङ्का जलाए ।।
दानव दल बल रावण मारी ।
पूर्ण गराए अवतारी काम ।।

५१ -- हरिनै माता पिता !

हरिनै माता हरि हुन् पिता ।
हरिनै भाग्य हरि हुन् विधाता ॥

हरिनै लेखनी हरिहुन् खाता ।
हरिनै करूणामयी हुन् दाता ॥

हरिनै संपति हरिहुन् भर्ता ।
हरिनै सन्तति हरिहुन् भ्राता ॥

हरिनै मेरा भाग्य विधाता ।
हरिनै मेरा देवाधि देवता ॥

५२ -- हरि हरि हरि !

हरि हरि हरि !
ग्वाला गोपाल भजी !!

जरा मृत्युको भयदेखि पारी ।
भव भय सन्ताप साराघडी ।।
हरिकै आश्रय लिउँ पुकारी ।

घृणा नगरूगा सुख दुख सबमा ।
जगत धनिछन् जगत भरि ।।
अहम हो सब अभिमान पाजी ।

महुँ मेरो मलाई झुट्टा ।
अहम्को अभिमान छाडी ।।
कर्म गरौं जगमा सबछन् हरि ।

राम्रो नराम्रो मान अपमान ।
मात्रछ दुईदिन सबथो जान ।।
सबरहुँ नामले सदामन माझी ।।

५३ – श्री कृष्ण पुकारी

श्री कृष्ण पुकारी !

कर्ता भर्ता सृष्टि स्थिति लय ।
अनाथका नाथ कृपालु जाली ।।
चाल अपार जानी नसक्नु ।
हरि नाम भज पुऱ्याउँछ पारी ।।

जगतरूपी यस भवसागरमा ।
डुबि रमाएछौ मस्त बनी ।।
ईर्ष्या क्रोध अहम बटोरी ।
किन बोकीरहेछौं पुग्नुछ पारी ।।

बोझ गह्रौं भए तर्न कठिन छ ।
मन मित पुकारौं दीनबनी ।।
आऊ पुकारौं शरण परेर ।
भन्दै बचाऊ दुःख टारी ।।

श्री कृष्ण पुकारी !

५४ -- मुटुको बीच सिंहाशन म

मुटुको बीच सिंहाशन म ।
हरिकै लागि सजाउँछु ।।

सहस्त्र दल कमल बिछाई ।
हरिकै राज गराऊंछु ।।
प्रेमको चन्दन भक्तिको पुष्प ।
बटुली पूजा म गर्छु ।।

मान अपमान सुख दुःख त्यागी ।
हरिनै संझिरहन्छु ।।
गङ्गा जमुना नीर बहाई ।
हरिकै चरण म धुन्छु ।।

सजल नेत्र खोली हरिलाई ।
हरपल म हेरिरहन्छु ।
हृदय चक्षुको प्रकाशभित्र ।
हरिकै रूप सजाउंछु ।।

५५ -- हें ब्रजेन्द्र गिरधारी !

हे ब्रजेन्द्र गिरधारी !

कण्ठ सुशोभित सेवन्त मणि ।
नन्द किशोर माधव हरि ।।
कहाँ मित्र सुदामा भक्तभिरू ।
अर्जुन सारथी कंस अरी ।।

जीव जिवात हृदय निवास ।
कसरी बुझाऊ मनछ प्यासी ।।
व्यथा वेदना बढी अतिनै ।
डाकें करूण क्रन्दन गरी ।।

जसरी सुनेथ्यो द्रौपदी क्रन्दन ।
यो पनि सुनहै हे ! ब्रज नन्दन ।।
धर्म युधिष्टिर कर्म हरि ।
भिष्म प्रतिज्ञा बिदुर पुजारी ।।

हे ब्रजेन्द्र गिरधारी !

५६ -- मैया तिम्रो प्यारो कनैया

मैया तिम्रो प्यारो कनैयाँ !

सारै नटखट रहिछे मैयाँ ।
मोहिनी स्वरूप जगत खेवैया ।।
जगत पतिहुन् जगत धनि ।
भन्छन् सबनै कृष्ण कनैया ।।

तर हो मोहन गोपिनी प्राण ।
हर्ष उल्लाश जीवन त्राण ।।
माटो उठाई मुखमा हाल्छ ।।
हैन हैन भनी नक्कल पार्छ ।।

विश्व दर्शन मुखमा गराउँछ ।
घर घर पस्तै मखन चोर्छ ।।
अबुझ सरिभै मटुकी फोर्छ ।
जालीछ अतिनै जगत खेवैया ।।

मैयाँ तिम्रो प्यारो कनैयाँ !

५७ -- हे बिश्वेश्वर बिश्वात्मा !

हे ! बिश्वेश्वर बिश्वात्मा!

सांसारिक, सबकर्म जति ।
प्रभुमै अर्पण मनले गऱ्यो ।।
हित अहित अब प्रभुनै सोच ।
भन्दै रोयो मन हे परमात्मा ।।

केही छैन ज्ञान यस मूढमतिमा ।
तिमीदेखि भागी कहाँ पुगूँम ।।
आर्द्र पुकारछ दुःखी मनको ।
भन्दै रोयो मन हे ! परमात्मा ।।

मनभन्छ प्रभुमा लीन बनौं ।
नामामृतलें तृप्तबनौं ।।
भाव भक्तिको वहँदै नदीमा ।
भन्दै रोयो मन्न हे ! परमातमा ।।

हे ! बिश्वेश्वर विश्वात्मा !

५८ -- प्रभुनैं यो मन बुझ्ने गर !

प्रभुनैं योमन बुझ्ने गर ।
स्मरण छैन कत्ति जन्मबिताएँ ॥
अधम कर्म त्यहाँ कत्ति रचाएँ ।
प्रभुनैं जान्दछौ क्षमागर ॥

अब यस जीवनको आखिरी क्षणतक ।
पल पल लगाउँछु प्रभुकै खातिर ॥
पश्चातापले दग्ध भयो मन ।
यहि सत्य क्रन्दन सुन्ने गर ॥

आखिर हुँ सन्तान नादान लाचार ।
यहि क्षमा याचना सुनी स्वीकार गर ॥
तिम्रै चरण अनुरागी भयोमन ।
यहि सत्य क्रन्दन सुन्ने गर ॥

प्रभुनैं योमन बुझ्ने गर !

५९ – प्रभुनैहुन सब कर्ता भर्ता

प्रभुनै हुन सव कर्ता भर्ता !

श्री प्रभुनैछौ सवका सँगमा ।
देख्न भेटन तर सवछौं कहाँ ? ॥
कहाँ बस्छौ कुन गहिराईमा ।
सव नाम गर अवदर्ता ॥

कुन गांऊ ठाऊं कहाँ म जाउँ ।
यहिछ मन्दिर कहाँ म धाउँ ? ॥
कहीं देख्छु हर्षको उमङ्ग सरिता ।
कहीं देख्छु अश्रुपूर्ण बगैंचा ॥

मुर्ख कति तिमी तिम्रो कल्पना ।
बिचित्र कारिगरी चित्रकार हौ ॥
जगत बन्यो यो ती लक्ष्मी तुल्य ।
माया महलका सृष्टिकर्ता ॥

६० – हरिनै महान रहेछन

हरिनै महान रहेछन् !

जल थल अग्नि वसु दिक्पालहरूमा ।
परब्रह्म स्वरूप हरिनै रहेछन् ॥

नदी गङ्गा सङ्गम कुण्डहरूमा ।
सागर स्वरूप हरिनै रहेछन् ॥

धनवान निर्धन योद्धाहरूमा ।
नृपति स्वरूप हरिनै रहेछन् ॥

ध्यानी महर्षि देवर्षिहरूमा ।
व्यास स्वरूप हरिनै रहेछन् ॥

लता लहरा वृक्षहरूमा ।
कल्पवृक्ष स्वरूप हरिनै रहेछन् ॥

सर्प बिषधर नागहरूमा ।
शेष स्वरूप हरिनै रहेछन ॥

हरिनै महान रहेछन् !

६१ -- आउन मुरारी भन्छु पुकारी

आउन मुरारी भन्छु पुकारी !

दूषित कलुषित कलि कलामा ।
पिल्सीरहेछन् जग संसारी ।।
अभय दिलाऊ कलि ज्वालाबाट ।
आऊ देर नगर उपकारी ।।

अभय अमृत आई बढाऊ ।
विश्व जगतमा धर्म बचाउ ।।
कलिको आँच पर्न नदेउ ।
सन्तब्राह्मण गौ अवलामा ।।

सखा जिष्णु मित्र सुदामा।
सनातन रक्षक धर्म ध्वजा ।।
बिराट स्वरूप दर्शन गराऊ ।
किरिटी दुहुन्छन् गीता पुकारी ।।

आउन मुरारी भन्छु पुकारी !

६२ -- हे मित्र सुदामा !

हे मित्र सुदामा ! हे मित्र सुदामा ।
फर्कि आऊ गोकुलमा ।।

नयन वादल बर्सी मिस्सी ।
वृक्ष लता लहरा मयुर यहाँ ।।
प्रेमी जमुना रोईरहेछन् ।
फर्की आऊ गोकुलमा ।।

प्रेमी भक्तको पाऊ पखाल्न ।
कनिकाको सौगात लिन ।।
अपार लिला जगमा गर्न ।
फर्की आऊ गोकुलमा ।।

ग्वाला बन्दै धेनु चराऊन ।
मख्खन चोर्दै मटुकी फोर्न ।।
कलि पर्स्योकि क्रिडास्थलमा ? ।
फर्की आऊ गोकुलमा ।।

६३ -- मलाई प्यारो प्यारो लाग्छ

मलाई प्यारो प्यारो लाग्छ हरि ।
तिम्रो रूप अनि नाम ।।

आयो वरिपरि वसन्त ऋतु ।
फूल्यो शिशिर चाँप ।।
झुम्दै गाँउदै आत्मा भन्छ
म जान्छु गोकुल धाम ।।

झस्की कल्पी आत्मा रून्छ ।
संझी गोपाल गाथ ।।
आत्मा भन्छ भयो अबेर ।
हिंड सखी चाँडै प्रभुको धाम ।।

जगत डोरमा बन्धित जीवन ।
भन कसरी पुगुं म प्रभुको धाम ?
मलाई प्यारो प्यारो लाग्छ हरि ।।

६४ – जन्म सफल भयो बसु-देवकीको

जन्म सफल भयो बसु-देवकीको ।
कारागारमा अवतार भयो ।।
सर्वव्यापी महानको ।

अहो भाग्य बने बसु-देवकी लौ ।
दर्शन पाई परमेश्वरको ।।
द्वारपाल सब मस्त निदाए ।
खुल्यो द्वार कारागृहको ।।

मूसल धारे बर्षा वर्स्यो ।
शोभा अंधेरी अष्टमी रातको ।।
चोया पेरूङ्गो शैया बन्यो ।
जगत धनि मालिकको ।।

बसु राख्छन् उठाई शिरमा शैय्या ।
जगत उठाउने जगत पिताको ।।
जन्म सफल भयो बसु-देवकीको !

६५ – भगवन ! हे मेरा भगवन!!

भगवन् ! हे मेरा भगवन् !!
कन्चन निर्मल मनोहर रूप ।
निर्मल सरिता नामछ खूद ।।
दु:खी जन मन पारस धन ।

बुझयौं सवैमा गुरू भावना ।
सृष्टिभरिका जीव नरहरूमा ।।
म नै हरि हुँ हरिनै म हुन् ।
खण्ड खण्ड गरी टुक्रयाई देह ।
अव म सवमा बाँडन तयारछु ।।
प्रभुनै मेरो रत्नधन् ।

तर मुख्य मेरो हरि धन ।
कैले केही दिन्न कसैलाई ।।
हरिमै रमी रमाउंछ मन ।
भगवन् हे ! मेरा भगवन् !

६६ – नाच्छु , म नाच्छु , नाच्छु

नाच्छु म नाच्छु नाच्छु ।
हरिमै रमेर नाच्छु ।।
धमिलो यो मनको मैलो ।
हरि नामले पखाल्छु ।।

करजोरी बिन्ति गर्दै ।
छाती चिरी देखाउँछु ।।
तिमीनैहौ मेरो भन्दै ।
हरिमै बिलाई दिन्छु ।।

जति जे छ प्रेम यसमा ।
सारा देखाई दिन्छु ।।
पागल भनुन् मलाई ।
सुन्दर झलक म पाउँछु ।।

नाच्छु म नाच्छु नाच्छु ।
हरिमै रमेर नाच्छु ।।

६७ -- हें मधुसुदन कृष्णमुरारी

हे मधुसुदन कृष्ण मुरारी ।
शरणागतछु सुदर्शनधारी ।।
हर पल पाऊं प्रभुपद प्रेम ।
कृपागर लौ शंकट टारी ।।

मेरो मलाईदेखि टाढा ।
टरी गयो दिन बुझ्न नपाई ।।
जन्म जरा अनि मृत्युदेखि ।
आएँ लुक्न शरण मुरारी ।।

कृपालु तिमीछौ जगत पति ।
पाएँ तिमीलाई सखासरी ।।
सजल नेत्र अब हेर्छु उघारी ।
देख्छु म आफ्नै सुदर्शनधारी ।।

हे मधुसुदन कृष्ण मुरारी ।
शरणागतछु सुदर्शनधारी ।।

६८ -- जता फर्क्यो उतै देखौं

जता फर्क्यो ऊतै देखौं ।
हरिको श्यामलो रूप ।।

सबैका रोम रोममा ।
हरिनै छन् सदा सबमा ।।
नबिर्सौ याद राखौं खूप ।
ऊ बाहेक मात्र छायाँ - धूप ।।

सदा सत्य हरिनै छ ।
उघार ज्ञानको चक्षु ।।
अमर अच्युत हरिलाई ।।
जलाउ प्रेमको दीप ।।

लगाउँ ध्यान सब हरिमा ।
चढाउं भक्तिको उपहार ।।
अहम् ईर्ष्या सबैत्यागी ।
सदा नुहुँ हरिमै खूप ।।

६९ -- नाच मेरो राधेश्याम

नाच मेरो राधेश्याम ।
अब नाच ।।
मन - मन्दिरको सिंहाशनमा ।
आई गर अब बास ।।

घनकाई बाँसुरी ।
झन्काई पायल ।।
आऊ हटाउ मनको त्रास ।
सदा बुझेर आफ्नै दास ।।

व्याकुल छ आत्मा ।
प्यासी छन् आँखा ।।
भिन्न बढेकोछ ।
अजङ्ग आश ।।

नाच मेरो राधेश्याम ।
अब नाच ।।

७०– मेरो रोम रोममा हरि नै छन्

मेरो रोम रोममा हरिनै छन् !

प्रातः ऊषाको कन्चन किरण ।

रवि शशी हरिकै रुप महान् ।।

साथी बनी हरि संगै रहन्छन् ।

रात्रि निशाको बहुरूपी भेष !

अन्धकारमा जन्मने क्लेश ।।

चतिकला हरिकै चरित्र हुन् ।

गर्न परिक्रमा प्रेमाञ्जलिले ।

कुन क्षेत्र कुन मन्दिर जाउँ ।।

मेरा आत्मा स्वरूप हरिमैसंग छन् ।

ती लक्ष्मी समान जगमा भुलाउन् ।

मानव मनमा भ्रम फैलाउन् ।।

भन्छन् हरिमधु मन्दिर बन् ।

मेरो रोम रोममा हरिनै छन् !

७१ -- मेरो श्याम! मेरो श्याम!!

मेरो श्याम! मेरो श्याम !!
नरदेह पाई धन्यबनें म ।।
हरपल भज्न हरिको नाम ।
यहिहो मेरो सुखको काम ।।

निश्चितछ मनमा एकदिन जानु ।
तें किन लिउँ मयहाँ भय - अभिमान ।।
जीवन डोरीछ हरिकै हातमा ।
हरि पुकारें उहि लाऊंछ काम ।।

भूत, भविष्य चिन्ता छाडी ।
हरि भजिरहन्छु बर्तमान खालि ।।
झुट्टा स्वार्थी बान्धव पाजी ।
मात्र अमर छ श्यामको नाम ।।
मेरो श्याम! मेरो श्याम!!

७२ -- छुम छननन छुम छुम !

छुम छननन छुम छुम छुम !

जमुना किनार रास रचाई ।
सखीसंग नाचे राधेश्याम ।।

नयनमा नयन मिल्यो प्राणमा प्राण ।
हातमा हातधरी नाचे राधेश्याम ।।
संगम पायल झन्कारमा ।
हरिले मिलायो बाँसुरी उध्धुम ।।

सजीव सङ्गीत धुन सुनी ।
तेत्तिस कोटी सुर मुनिगण ।।
स्वर्ग छाडी धरती श्राए ।
संझी यही प्रभुको धाम ।।

छुम छननन छुम छुम !

७३ -- हरि नै सृष्टि स्थिति पालक हुन्

हरिनै सृष्टि स्थिति पालक हुन् ।
लेखनी लेख शास्त्र हरिहुन् ।।
माता पिता गुरु मित्र सखा सव ।
भाव भावना भक्ति हरि हुन् ।।
अम्बर मेदिनी बिश्व जगत जन ।
हरिकै रूप बिराट हुन् ।।
अबला दीन हीन दुःखीका हरिनै ।
धन बल लाज सर्वश्व हुन् ।।
जगतार सेतु नाम हरिकै ।
हरिनै सवका मालिक हुन् ।।
रवि शशी तारा ग्रहगण सारा ।
हरिनै पूजा यज्ञ धर्म हुन् ।।
क्षिरसागर शयन कल्पना ।
बुल बुली हरिकै बिश्व जगतहुन् ।।

७४ -- हरि भजनबिना दिन व्यर्थ गए

हरि भजन बिना दिन व्यर्थगए !
हाँस्तै खेल्दै स्मृतिहरू साँच्दै ।
बचपन छाडी जवान भएँ ॥
देशमाएँ अनि परदेश गएँ ।
धन मान मोहमा फसी गएँ ॥

स्वार्थी बान्धव स्वार्थी नसा ।
धन मान पाउँदा हर्षित भए ॥
बिचरा मूर्ख म अनाहकमा ।
पाप कष्ट भोग्न हा! एक्लो परें ॥

भय भई भाग्दै लुक्न जाँदा ।
थोत्रो हाँगोमाथि चढें ॥
मात्तिर फर्की मह्को थोपा ।
चाट्दै सबचीज बिर्सोदिएँ ॥
हरि भजन बिना दिन व्यर्थ गए !

७५ -- हे मनमोहन कुञ्ज बिहारी

हे मन मोहन कुञ्ज बिहारी ।
सकल प्राणी हौं तिम्रै पूजारी ।।
सन्सारी छन् सन्सारभरि ।
हरि बाहेक मेरो को छ उपकारी ।।
यस जीवनको हृदय कुञ्जमा ।
रमी रमाऊ आत्मबलमा ।।
हरिनै बनीदेऊ शान्ति छहारी ।
कुन गाऊँ पुर खोजूँ पुकारी ।।

हरिनाम रूपको ज्योति जगाऊ ।
तिम्रै हो यो घरफूलबारी ।।
मन मन्दिरका तिमी निवासी ।
नित्य बस्तुछ हरिनै पुकारी ।।
हे मन मोहन कुञ्ज बिहारी ।
सकल प्राणीहौं तिम्रै पुजारी ।।

७६ – ठुमुक ठुमुक पद चाल्छन

ठुमुक ठुमुक पद चाल्छन् ।
हरि गोकुलमा ।।
मेघ कलेवर मोहिनी रूप ।
काली घटाझैं घुमरी केश ।।
झल्किने माणिक मोर मुकुट ।
बाजु बन्छन बाँसुरी करमा ।।
कमल दल समान खुप ।
अधर सदा फक्रिएका ।।
रवि शशी समान नयन ।
चम्किएका मुहारमा ।।
मोती जडित पायल ।
छन प्रभुका चरणमा ।।
अतिपापी यस नर तनमा ।
त्यहीछवि अङ्कित होस मनमा ।।

७७ – हरिको ध्यान ! हरिकोध्यान !!

हरिको ध्यान ! हरिको ध्यान !!
पल पल गर मन हरिको ध्यान ।।

दुःख सुख सारा पागलपनहो ।
मान अपमान अभिमान ।।
युगल छवि श्री चरणको नित्य ।
दर्शन मिलोस् भन्दछ मन ।।

जल हो हरिको थल हो हरिको ।
कण कण सब हो हरिनै हरिको ।।
सब पूर्ण गराउने हरिनै मूलधन ।
झुम्छ प्रफुल्लभै हरिमै यो मन ।।

जगहो सुन्दर बाग बगैंचा ।
नरहुन यसका उत्तम फूल ।।
आज फुलेर भोलि झर्ने ।
सुवास छर्ने नरनै हरिहुन् ।।

७८ – बाल गोपाल हो मनको मित

बाल गोपाल हो मनको मित ।
हरिमै बस्यो अब मेरोप्रित ।।

प्रभुकै सेवा सुसार गर्न ।
केवल तुच्छ दास म हुँ ।।
प्रभुकै खाएँ प्रभुकै लाएं ।
प्रभुकै गाएँ मैले गीत ।।

मेघ कलेवर वस्त्र छ पित्त ।
कालो बाक्लो सुअलक केश ।।
शिरमा गुंजा मोर मुकुट ।
हरिमै बस्यो अब मेरो प्रित ।।

कानमा कुण्डल हरि अतिसुन्दर ।
कौस्तुभ मणिको माला शोभित ।।
मेरो हृदय हरिको नाम गोपाल ।
आखिर सवमा हरिकै जित ।।

७९-- हरिहरको यो उज्वल कहानी

हरिहरको यो उज्वल कहानी ।
सत्य प्रेममा मिल्दछ प्राणी ।।

माणिक झुलामा झुल्दै हरिले ।
बक र पूतना मारे ।।
बामेसर्दै ओखल तान्दै ।
नल कूवरकन तारे ।।

माता पिताको कष्ट छुटाई ।
पितामहलाई राज्य दिलाए ।।
आमन्त्रित भै मल्ल युद्धमा ।
द्रोही कंसको छाती बिदारे ।।

लाज बचाए कुरू सभामा ।
शरण द्रौपदी बस्त्रवनी ।।
पार्थ सारथी बन्दै हरिले ।
कुरू क्षेत्रमा युद्ध मचाए ।।

८० -- प्रभुनै सबले आफ्नोठानी

प्रभुनै सबले आफ्नो ठानी ।
हरिनै सबको मालिक जानी ।।

जनम जनमको नाता राम्रो ।
हामी प्रभुका प्रभु हुन् हाम्रो ।।
केवट बन्दै नाऊ खियाउने ।

छन् हाम्रा हरि रसका खाती ।।

व्यर्थ चिन्नु र जान्नु यहाँ ।
दृढ भक्ति बिश्वास पहिचान्न महाँ ।।
यही एक सत्य दृढसाँचो मानी ।
सबवेद ऋचाका सारै जानी ।।

प्रभुछन् भाव भक्तिको भोको ।
मिल्नेछ दर्शन भएमा धोको ।।
छुट्न अति कठोर जन्म मृत्यु छ ।
परौं चरण सबअर्पे ठानी ।।

८१ – यहाँ रोम रोममा

यहाँ रोम रोममा ।
हरि व्यापक छन् ॥

जीव जिवात सुरमुनिसम्म ।
फूल र पत्थर काँडाटम्म ॥
यहाँ जो जतिछन् सब हरिनैहुन् ।
हरिनै सबहुन् सबनै हरिहुन् ॥

हरि बिना यो झुट्टा देहको ।
मूल्य छ के अस्तित्व यहाँ ॥
जन्म मृत्युनै मुख्य जहाँ ।
हरिनै सबहुन् सबनै हरिहुन् ॥

कैले कहाँ किन केही नजान्दै ।
झुक्याई दिन्छ अंकुशे हान्दै ॥
विचित्र माया व्यापक छन् ।
उनै कबिका कल्पना हुन् ॥

८२ – हे कृपासिन्धु भगवन !

हे कृपासिन्धु भगवन् !

बराहीभार हल्का गराउन ।
नरसखा बनी सबमा देखाउन ॥
गीता ज्ञानरूपी अमृत पिलाउन ।
आऊ प्रभु तिमी धरतीधाम ॥

बिविध अधर्म नास गराउन ।
धर्म धरामा स्वधर्म फिजाउँन ॥
माता पिता अतिथि अभ्यागत ।
देव स्वरूप भनी जगतमा बताउन ॥

धर्म बस्त्र बनी लाज बचाउन ।
जन्म मृत्युको बन्धन खोल्न ॥
कर्मनै महान भनी बताउन ।
पहिले आई गरेथ्यौं काम तमाम ॥

हे कृपासिन्धु भगवन् !

८३ – आऊ श्याम तिमी आऊ

आऊ श्याम तिमी आऊ.. ...!

धाम छाडी धरती आऊंदा ।
रनवन डुली धेनु चराऊंदा ।।
लाग्यो होला भोक थकाई ।।
भोजन तयारछ प्रेमले खाऊ ।।

गोप गोपिनीसंग लिईनाच्दा ।
अधर्म नासी स्वधर्म गांस्दा ।।
लाग्यो होला भोक थकाई ।
नैवेद्य तयारछ प्रेमले खाऊ ।।

सृष्टि स्थिति लय लिला रच्दा ।
सबकन संकटबाट बचाउँदा ।।
लाग्यो होला भोक थकाई ।
पक्वान्न तयारछ प्रेमले खाऊ ।।

आऊ श्याम तिमी आऊ !

८४ – प्रभु स्वतन्त्र महान

प्रभु स्वतन्त्र महान ।
मधु बन्धित सवतिरवाट ।।

तन हो प्रभुको मन हो प्रभुको ।
प्रभुनै मेरा आत्माराम ।।
अम्बर मेदिनी प्राणी लता जल ।
सबमा प्रभुनै एक समान ।।

दुखित व्यथित भिखारी बन्दै ।
जानेको जग भव भय भन्ने ।।
अन्जुली नयन पात्र बनाई ।
आपें भरिदेऊ सदमति ज्ञान ।।

चिन्ने बुझ्ने क्षमता पाऊं ।
नर तन केहो समिपबाट ।।
बाहिरी भो अब भित्री चक्षु ।
देऊ पारदर्शी समान ।।

८५ – जगत जहान यी पागलपन हुन्

जगत जहान यी पागलपन हुन् !

तनधन प्राणको हित अहित सोच्ने ।
मेरा मित्र बन्धु सखा प्रभुहुन् ।।
हृदय सनातन स्वधर्म जान्ने ।
मेरा बुद्धि बिवेक आराध्य प्रभुहुन् ।।

भाव भावना हृदय पहिचान्ने ।
मेरा आत्मिय मित्र आत्मेश्वर हुन् ।।
पुण्यको व्याख्या निन्दा बुझ्ने ।
मेरा ज्ञान - चक्षु प्रकाश प्रभुहुन् ।।

हर्ष बिषादमा साथ नछाड्ने ।
मेरा भाग्य लेखनी लेख प्रभुहुन् ।।
हाँसो आँसु अज्ञान बिचार्ने ।
मेराकर्म कमाई क्षमा प्रभु हुन् ।।

जगत जहान यी पागलपन हुन् !

८६ – अब द्वार द्वार गाउँछु हरि

अब द्वार द्वार गाऊंछु हरि ।
भिखारी बनी ।।

मनभरि तनभरि नयनभरि ।
हरिलाई राखी डुल्छु प्रीतगरी ।।
आऊप्रभु शरणदेउ ढाल बनी ।

क्रोधी द्वेषी जनदेखि आत्मा जली ।
तृष्णा मोह सबभुली हृदयभरी ।।
हरिलाई राखें अब निरीह बनी ।

जग - सिमा रेखाभित्र रहेथें जली ।
त्राहिबनी भाग्दै आएँ जन्जिर खोली ।।
लिएँ हरि तिम्रोपथ शरण भनी ।

भएजति निन्दित कर्म सारा भुली ।
को छ मेरो यहाँ अरू तिमी सरी ।
कसलाई पुकारूँ हा हरि भनी ।।

८७ – प्रभुजी नयन नीर बहाउं

प्रभुजी नयन नीर वहाऊं !

मनको पिडा संकट बुझिद्यौ ।
भन्दैं प्रभुमा अर्जि सुनाऊं ।।
सामाग्री तनले गर्न नमिल्दा ।
सभक्ति मनले नामै गाऊं ।।

पाउ पखाल्ने जलको अभावमा ।
गङ्गा जमुना नीर बहाउं ।।
भावना पुष्प भक्तिको चन्दन ।
मन प्रेम पक्वान्न चढाऊं ।।

श्रद्धासाथै माथ झुकाऊं ।
चरण जुगलमा मन निहुराऊं ।।
छिट्टै प्रभुकै पास मआऊं ।
प्रभुजी नयन नीर बहाऊं ।।

८८ — चौधै भुवनका मालिक भगवन्

चौधै भुवनका मालिक भगवन् ।
हर घडी नाम जप्न सकौं म ।।
यो जीवनको पल पल नित्य ।
प्रभुमै अर्पण गर्न सकौं म ।

बिश्व जगतका मालिक तिम्रो ।
नाम छ लिला निर्मल राम्रो ।।
हरपल त्यसमै डुब्न सकौं म ।
हरघडी नाम जप्न सकौं म ।।

जहाँ गएपनि चक्षु कर्णले ।
किर्तन देख्न सुन्न सकौं म ।।
प्रभुमै अर्पण बन्नसकौं म ।

चौधै भुवनका मालिक भगवन् !
हर घडी नाम जप्नसकौं म ।।

८९ -- हरि ॐ

हरि ॐ !

हरि ॐ तत्सत् हरि ॐ तत्सत् ॥

केहीछैन ज्ञान प्रकाश म भित्र ।
तिमीनै सहारा मेरो एक मित्र ॥
म साँझ बिहान यहीमन्त्र जप्छु ।
महामन्त्र ठानी यहीनै भज्छु ॥

हरि ॐ !

सबैमा निराकार एकै प्रभुछौ ।
मलाई प्रभुज्ञान भक्ति तिमीदेऊ ॥
यहाँ केहीछैन कसैको न मेरो ।
महामन्त्र ठानी यहीनै म भज्छु ॥

हरि ॐ तत्सत् !

९० – पल पल घडी घडी

पल पल घडीघडी ।
दिन बित्तैछन् ।।
प्रभुपद रस यहाँ ।
पछि छुट्दैंछन् ।।

> कमजोर पिंजरा ।
> धरोहर क्षणिक छन् ।।
> चार दिनको यो ।
> छोटो मिलन झन् ।।

गर्न बाँकी यहाँ ।
अझै अनेकछन् ।।
कसरी पुग्नु पारी ।
ऊहाँ झन् ।

९१ – युग न युग मलाई जन्म मिलोस्‌भन्दै

युग न युग मलाई जन्म मिलोस्‌ भन्दै !

यहाँ आउनु अघि जतिकर्म भए ।
आयुर्धा सुम्पी शिर थापीदिएँ ।।
दीर्घ जीवन प्रभुपद प्रेम ।
यिनैलाई मिलोस्‌ भन्दै ।।

कीट मेढक ब्याध्र जटायु ।
कुनै जन्म मिलोस्‌ तर ।।
नामामृतपी भावाञ्जली दिई ।
त्यसमै रमाउने बन्दै ।।

साँप, बिच्छुक, बछिउँ, विषधर ।
कुनै जन्म मिलोस तर ।।
नामामृतपी भावञ्जली दिई ।
त्यसमै रमाउनेबन्दै ।।

९२ -- प्रभुको शान्ति दर्शन पाऊं

प्रभुको शान्ति दर्शन पाऊँ ।
शुभ अशुभ जति कर्म गरें ॥
तनमन प्रभुमै सब अर्पिगरें ।
ऊच निच सबमा क्षमापाऊं ॥

मनले नजानी तनले गरेको ।
बालेर अग्नि पश्चातापको ॥
क्षणमै बन्दछ नर पवित्र ।
प्रभुकै पावनी चरण समाएं ॥

तनमन धनले सतकर्म गरौं ।
प्रभु चरणमा नतमस्तक बनौं ॥
दिनेछन् प्रभु सद्भाव मनमा ।
अमर नाम हरि सबदिन गाऊं ॥

प्रभुको शान्ति दर्शन पाऊं !

९३ -- हे कृपालु दयालु जनहितकारी

हे कृपालु दयालु जन हितकारी !
आश लिएर आई बसे म ।
माता पिताको दरवार वारी ॥

अलक जगाएँ कर नयन पसारी ।
भर सत्य नामामृत रसभारी ॥
यो रित्तो मन भण्डारभरी ।

रूपरङ्ग उडी शिथिल भएको ।
लज्जित तनया नतमस्तक भई ॥
प्रेम भक्ति भिख मागिरहेछु ।
बिना बादल बर्षा नीरझरी ।

मानव मन्दिर हृदय सिंहाशन ।
यहि हो प्रभुको महल धाम ॥
तनले परिक्रमा मनले पूजा ।
गरे पुग्छ सब अश्रुझारी ॥

६४ -- प्रभुको हर पल जप्छु म नाम

प्रभुको हरपल जप्छु म नाम !

धर्म कर्म के हो वेदऋचा ।
नियम शुद्धता विधि विधान ।।
नजराना नामको अर्पण गरी ।
नाम भज्नुनै मुख्यछ काम ।।

अन्धो लाटो बैरो बनें म ।
न देख्छु न सुन्छु न गर्छु काम ।।
संसारी दृढ जंजिर खोल्ने ।
प्राण रतन धन प्रभुकै नाम ।।

झुट्टा अहम क्षणिक बन्धन ।
छोडी समाउन जुगको नाता ।।
आएँ प्रभु म चरण शरणमा ।
साँचो बनाई प्रभुको नाम ।।

९५ -- प्रभु नै एक महान

प्रभुनै एक महान !

हेर्दा जत्ति सुन्दर रूपछ ।
बुझदा त्यत्ति कुरूप रहेछ ॥
आयो दन्कँदै शुरुमो ज्वाला ।
गयो बिलाई धूवां समान ॥

आज यहाँ छौं सवको सामुन्ने ।
भोलि हराउँछौं स्वप्न समान ॥
रूधिर मासको सुन्दर पिंजरा ।
रहेछ जलको बूंद समान ॥

जिवात्मा बिना जीव रहेछ ।
पत्थर माटो मुडो समान ॥
आज गर्दछ ईर्ष्या क्रोध ।
भोलि निष्प्राण मूर्दा समान ॥

९६ -- पछाडि लुकेर लखेटदैंछ शत्रु

पछाडि लुकेर लखेटदैंछ शत्रु ।
अगाडि लोभ्याउने बनाऊंदैछ पत्रु ।।

कसैलाई केही अझै छैन ज्ञान ।
यो माया महल हो भनिबुझने ध्यान ।।
हरे जाउं काहाँ सुनाऊं म कसलाई ।
यिनैले बसाए हरे यस जगतलाई ? ।।

तिलस्मी गुफाझैं यो जगत रहेछ ।
सबै यही विलाउंछौ हरे वेर कहाँछ ।।
भुसुना कीराझैं किन लाउंफन्को ।
बरू ध्यान लगाऔं हरिमै जमर्को ।।

यो संसार सागर अजीवको खाडी ।
यसलाई तर्न नपरौं पछाडि ।।
हरिलाई भज्दै लगाऔं जीवन पार ।
उनैलाई सुम्पे लगाउंछन् जीवन तार ।।

६७ -- चङ्गा सरि छ जीवन

चङ्गा सरि छ जीवन ।
काँचो धागो यसको ।।

आधारविहिन बनेर ।
ढलपल गरी उडेको ।।
सारैछ फुसको डोरी ।
निश्चित छैन जसको ।।

आउनेछु फर्की भन्दै ।
झूट्टा कसम लिएको ।।
वुझ्ने अनित्यलाई ।
सामर्थ्य कहाँछ कसको ।।

बाट्ने पोथा लगाउने ।
यो डोरी नासो उसको ।।
हरिलाई आज बिर्सी ।
शरण म जाऊं कसको ? ।।

९८ -- हरे हरे राम हरे हरे कृष्ण जपौं

हरे हरे राम हरे हरे कृष्ण जपौं !

केही छैन सहारा मेरो अरू ।
रजनै बनाऊ लौ चरणको वरू ।।
भन्दै पलपल यही मन्त्र जपौं ।
श्रद्धा र विश्वासले यहीनै थपौं ।।

अंमृत समान जीवनाधार ।
बन्छ यहीनै ज्ञान भण्डार ।।
निराकार निरञ्जन भनी बिन्तिगरौं ।
जलाउ ज्योति भनी शरणमा परौं ।।

एकदिन उज्वल पार्नेछन् हरि ।
मन मैलो पखाली शरण छ भनी ।।
राम हरिकै शरण परौं ।
हरे हरे राम हरे हरे कृष्ण जपौं ।।

९९ -- बारम्बार बन्दना गरौ

बारबार वन्दना गरौं प्रभुको !

फूल र काँडा जस्तो छ जीवन ।
घाम र छायां स्वप्न देखेझैं ।।
बान्धव मोह झूठा छ देह ।
प्रभुनै सत्य नित्यछ सबको- ।।

मानव चोला दिई प्रभुले ।
अंम्बर मेदिनीबीच खटायो ।।
दुई पत्थरको बीच रहेर ।
को छ कहाँ ख्वै साबुत बचेको ।।

कति आऊंदैछन् कति जाँदैछन् ।
छैन सुनिश्चित यस्तो क्षणको ।।

बारम्बार बन्दना गरौं प्रभुको !

१०० -- हे मन मेरो बनीदेउ सन्त समान

हे मन मेरो बनीदेउ सन्त समान ।

अन्जलीभरि लिई वेली चमेली ।
पुष्पाञ्जलिले भरी गरी ।।
प्रभुको पदमा अर्पण गर्दा ।
हुन्छन दुवै सुगन्ध समान् ।।

अरूको सुख दुःखमा बनिदेऊ ।
भागिदार महान् ।।
सबतिर राख एकै भाव ।
साधु सन्त समान ।।

अहम् लालच क्रोध रहेछ ।
जगमा नर्क समान ।।
जानु छ कहा र के साथ लिएर ।
कर्मछ एक महान ।।

हे मन मेरो बनीदेउ सन्त समान !

१०१ – निराकार निरञ्जन

निराकार निरञ्जन ।
साक्षात ईश्वर हो ।।

कोटीकोटी नसारूपी सङ्गम शरीर ।
धामपुरी क्षेत्र यही मन्दिर हो ।।
यसै मन्दिर भित्रको ।
साक्षात ईश्वर हो ।।

धामपुरी क्षेत्र कहाँ जान्छौ प्राणी ? ।
कसको काँध पीठ चढी ।।
खुड्य गरीगरी पसीना बहाई ।
तिमीलाई बोक्ने ईश्वर हो ।।

अस्थिपञ्जर बोकी फिरेको ।
द्वार द्वार आए दीन दुःखी ।।
देख्दा धनवान नयन फिराउने ।
आत्मा छ सुखी आत्मै छ दुःखी ।।

१०२ – ब्रम्हचरण मन अर्पि समाएँ

ब्रह्म चरण मन अर्पि समाएँ !

भक्तिमा भाव बिभोर बन्दै ।
युगल चरणमा शिर झुकाएँ ।।
भाव भक्तिमा उर्लियो प्रेम ।
त्यस्तै सरितामा बहँदै गाएँ ।।

भाव भावना भक्ति मनमा ।
जात जातका पुष्प बटुलें ।।
रूप नामहरू जत्तिछ प्रभुको ।
त्यत्तिनै माला गाँसी चढाएँ ।।

दुःखी मनछ ब्याकुल आत्मा ।
बर्सिरहेका नीरहरू ।।
यी सव पदमा अर्पिआज ।।
आफु धेरै निश्चिन्त भएँ ।।

ब्रह्मचरण मन अर्पि समाएँ !

१०३ -- हे नाथ ! शरणमा परेकी मलाई

हे नाथ शरणमा परेकी मलाई ।
फाल वा पाल अब यसलाई ।।

अनित्य जानी स्थुल शरीर यो ।
तनमन उचनीच सारा कर्म ।।
जीवन डोरी सुम्पें तिमीलाई ।

मधु मखखीझैं सारा भन्की ।
गुमाएं अनमोल जीवन व्यर्थैं ।।
बचे जति अब सुम्पे तिमीलाई ।।

सूक्ष्म ती सूक्ष्म छ श्याम चरित्र ।
भन्दै व्याख्या गर्छन् सन्त ।।
कसरी पांऊने कहाँ प्रभुलाई ।

यस जाली जगतमा अल्झिन् जाली ।
प्रभुकी मायाछन् प्रतापशाली ।।
यसैले गरायो पतन आत्मालाई ।

१०४ -- आत्मा निरञ्जन किन बिर्स्यौं ?

आत्मा- निरञ्जन किन बिर्स्यौं ?

अहम क्रोध लालच शत्रु ।
सबलाई अङ्गाली छाडन सकेनौ ।।
मेघ कलेवर उज्वल सत्य ?

स्वार्थी बान्धव मतलवी दुनियाँ ।
सबलाई अंगाली छाड्न सकेनौ ।।
सच्चा साथी आत्मिय मित्र ? ।

अङ्ग भङ्ग गराउने झुट्टा मोह ।
सबलाई अङ्गाली छाड्न सकेनौ ।।
संकट पर्दा गुहार लगाउने ।

काम तृष्णा अपाङ्ग बनाउने ।
सबलाई अंगाली छाड्न सकेनौ ।।
आफ्नो मालिक जगत नियन्ता ? ।

आत्मा निरञ्जन किन बिर्स्यौं ?

१०५ -- जाउँ कहां किन मथुरा काशी

जाऊं कहाँ किन मथुराकाशी ।
प्रभु त यहींछन् हृदयाबासी ॥

झुट्टा आशा ईच्छा बोक्तै ।
जमघट पत्थर मूरत खोज्दै ॥
हिंड्छन् पागल सरीभै हाई ।
भित्रै सदाछन् प्रभु अविनाशी ॥

भावको पुष्प भक्तिको चन्दन ।
नयन नीरले गर्दै आह्वान ॥
हेर तिमी मन – मन्दिरभित्र ।
देख्नेछौ प्रिय प्रभु अविनाशी ॥

जाऊ कहाँ किन मथुराकाशी ।
प्रभु त यहींछन् हृदयाबासी ॥

१०६ -- हर पल मेरो प्रभु--पद प्रेमछ

हर पलमेरो प्रभुपद प्रेमछ !

कहाँ छौं भन्दै योमन खोज्छ ।
क्षेम कुशल सब आत्मा सोध्छ ।।
अहम् स्मृति अतीतका ।
संझी यो मन जलिरहेछ ।।

बिन्तिछ हेप्रभु राखे नपार ।
गर्दै अर्चना योमन काँप्छ ।।
अतिनै बलवान अतीत बुझेर ।
त्राही बिन्तिप्रभु आत्मा डाक्छ ।।

हज्जार अग्नि सरि ज्वालाभै ।
दग्ध बनी यो सबतिर भाग्छ ।।
परी चरणमा अर्चना गर्दै ।
प्रभुकै चरणमा विलाउन खोज्छ ।।

हरपल मेरो प्रभुपद प्रेमछ ।

१०७ – तन मन धन सारा

तन मन धंन सारा ।
प्रभुमा अर्पण गरूँ ।।

प्रतिदिन प्रातः सन्ध्या जगाऊँ ।
गायत्री सावित्री जाप लगाऊं ।।
युगल चरण घृत मली दवाऊँ ।

घृत मधु दधि क्षिर गङ्गा - जलले ।
पन्च स्नान युगल ब्रह्म गराऊँ ।।
आसन मनश्वेत कमल चढाऊँ ।

मनकै धूप मनकै बत्ती ।
मन भक्ति पक्वान्न चढाई ।।
सेतो रातो कमल चढाऊं ।

कुमुदी पलाँस मालती जाई ।
भाव भावना भक्ति संगाली ।
करजोरी पुष्पाञ्जली चढाऊँ ।

१०८ -- हे जगदीश्वर ! हे भगवान !!

हे जगदीश्वर! हेभगवान् !!
पतित छ पावन प्रभुको नाम ।।

शिथिल भो पिंजरा जिर्णभो देह ।
अझ छाड्दैन यो अभिमान ।।
चूर्ण त्राहि बनी मेटिन आँट्यो ।
शरणागतले अझै पाएन स्थान ।।

नौका भवभय पारी पुऱ्याउने ।
वेद ऋचाको सूक्ष्मीय ज्ञान ।।
विवेक शून्यछ अधमर योमन् !
भरिदेऊ शुभ सागर ज्ञान ।।

कृपागरी अब शरण देऊ ।
अज्ञान जतिसब तिमीनै लेऊ ।।
शान्ति सरिता हृदय बहाऊ ।
अर्पण गर्छु सब अभिमान ।।

(समाप्त)

शुद्धा-शुद्धी पत्र

पाना नं	हरफ	भएको	हुनुपर्ने
२०	८	छयौ	छौ
२१	७	लाजले	लाजको
२२	१	बन्द	बन्दै
२३	६	भन्ने	भनी
२५	२	सवनै	सवको
२७	९	मास	भास
२९	९	साथी	साछी
३०	१	हे सूर्य	हे श्री सूर्य
३०	६	अपार हौ	अपार छ
३३	८	आरती	भारती
३६	७	वस्छिन	बहन्छिन्
३७	२	बदन	बदनम्
३७	३	कृपालु	कृपालुम्
३७	८	त्रिनेत्र	त्रिनेत्रम्

३८	७	प्रलय करम	प्रलयङ्करम्
३८	६	बिश्वभरम्	बिश्वम्भरम्
३९	५	पऱ्यौ	पऱ्यौं
३९	७	हौं	हौ
४१	५	मधु	म छु
४१	६	बऱ्यौ	बऱ्यौं
४५	४	पऱ्यौं भनी खोज्छौं	पर्छु भनी खोज्छु
४७		शाही	शांर्जी
५३	८	घुम्दा	घुम्दै
५५	८	सस्ता	तेस्ता
५७	१०	श्वर्व	सर्व
५९	७	भरपर	भरपुर
६१	६	अभ	अन्न
६१	६	ऐश्चर्य	ऐश्वर्य
६३	८	मदनी	मेदिनी
६४	५	आधा	आदी
७०	४	अङ्कित	अङ्कित जानी
७०	१३	शिव थनु	शिवधनु

७२	३	रसायो	रस यो
७२	४	नाम नाम	राम नाम
७४	१०	अहल्या	अहिल्या
७६	४	घडी	छाडी
७७	७	रमाएछौ	रमाएछौं
७९	६	निवास	निवासी
७९	१०	सुनेथ्यो	सुनेथ्यौ
८०	२	रहिछे	रहेछ
८३	१०	मुर्ख कति	मुख्य कवि
८३	१२	ती लक्ष्मी	तिलश्मी
८५	६	बढाउ	बहाउ
८५	१३	पुकारी	पगारी
८९	७	म हुन्	म हुँ
९४	१३	हरिमधु	हरि म छु
९४	११	ती लक्ष्मी	तिलश्मी
९८	६	नसा	नाता
९९	१२	बस्तुछ	बस्दछु
९९	६	आत्मबलमा	आत्मबनमा

१००	६	बन्छन	बन्घन
१०२	७	पित्त	पीत
१०२	६	गुञ्ज	सुन्दर
१०८	२	मधु बन्धित	म छु बन्धित
११७	३	वारी	द्वारी
११७	६	भन भण्डार भरी	मन भण्डार भरी
११७	८	तनया	तन यो
१२०	६	वसाए	भसाए
१२०	७	ती लक्ष्मी	तिलश्मी
१२१	२	काँचो धागो यसको	कांचो छ धागो यसको
१२८	४, ७, र १३ मा	लहरको अन्त्यमा प्रश्नवाचक चिन्ह नहुनु पर्ने	
१२८	६	अङ्कगाली	अङ्गाली



भजन-भारती

(श्रीमती भारती खरेल)

जन्म मिति	वि.सं. १९९५ मार्ग
जन्म स्थान	काभ्रेपलान्चोक, भुमुल, हलिदेव
शिक्षा	घरमा निजी अध्ययन
प्रकाशित कृतिहरु	(१) गंगा जमुना - २०४६ (२) योटी आमाको कथा - २०४६ (३) भजन-भारती - २०४६
प्रकाशोन्मुख	(१) लाहुरे (उपन्यास) (२) कुमारी आमा (उपन्यास) (३) पछुतो (उपन्यास) (४) आध्यात्मिक निवन्ध संग्रह